# परिच्छेद एक

## शोध परिचय

प्रस्तत् शोधपत्रमा शोधको शीर्षक, शोध पत्रको प्रयोजन, समस्याको कथन अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, शोधविधि, पूर्वकार्यको समीक्षा, अध्ययनको सीमा, शोधपत्रको रुपरेखा जस्ता शीर्षक समावेश गरिएको छ ।

## १.१ शोध शीर्षक

प्रस्तुत शोधको शीर्षक “उच्च मा.वि. तह कक्षा ११ को ऐच्छिक नेपालीमा समाविष्ट निबन्ध विधाको विश्लेषणात्मक अध्ययन” रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय बुटवल बहुमुखी क्याम्पस बुटवल शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत नेपाली विषयको स्नातकोत्तर (एमएड) तहको दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ को अनुसन्धान पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ समस्याकथन

शोधकर्ताका लागि समस्या अत्यावश्यक कुरा भएको हुनाले अनुसन्धानका निम्ति छानिएका कुनै पनि अनुसन्धेय विषयवस्तुलाई नै प्रमुख समस्याको रुपमा प्रस्तुत गरिएको छ । जसमा अनुसन्धान कर्ता पूर्ण रुपमा परिचित हुन आवश्यक छ । शोधको समस्यालाई पूर्णरुपमा परिभाषित नगरेसम्म शोधप्रक्रिया अघि बढ्न नसक्ने हुनाले यस सन्दर्भमा उल्लेखित शीर्षकको सापेक्षात्मक रहेर कुरा गर्नु पर्दा उच्च माध्यमीक तह कक्षा ११ को  ऐच्छिक नेपाली विषयको पाठ्यक्रम अन्तर्गत निबन्ध विधाको विश्लेषण नै यस शोधपत्रको समस्याको विषय बनेको छ ।

भाषा मानवीय विचारहरुको आदान प्रदान गर्ने प्रमुख माध्यम हो र यसले नै कुनै पनि विद्यालाई सहज बनाएको हुन्छ । भाषाकै माध्यमबाट विद्यार्थीको चेतनास्तरको विकाश एवम् दक्षता अभिवृद्धि गर्न सकिने हुनाले हरेक विधाका लागि भाषाले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । भाषागत सीप एवम् बौद्धिक क्षमता र दक्षताको परिष्कारका लागि विभिन्न विधाको माध्यमबाट विद्यार्थीहरुको स्तर अनुसारको शिक्षा दिएतापनि निबन्ध विधाले भाषा पाठ्यपुस्तकलाई तार्किक, बौद्धिक, उपयोगी र रोचक बनाउन विशेष किसिमको भूमिका खेलेको छ । यस शोधपत्रमा कक्षा ११ को ऐच्छिक नेपाली विषयमा समाविष्ट निबन्ध विधाको विश्लेषणलाई प्रमुख समस्याको रुपमा लिइएको छ । यसै मूल समस्यासँग सम्बन्धित अन्य समस्याहरु निम्नानुसार रहेका छन् :

१. उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध पाठ्यक्रमको उद्देश्य पूरा गर्ने खालका छन् छैनन् ?

२. छनौट र स्तरणको दृष्टिले निबन्ध उपयुक्त छन् छैनन् ?

३. भाषिक सीप विकासका दृष्टिले निबन्ध कस्ता छन् ?

४. निर्धारित निबन्धहरूको भाषिक पक्ष कस्तो छ ?

५. निर्धारित निबन्धहरुको संरचनात्मक स्थिति कस्तो छ ?

## १.४ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मूल उद्देश्य नेपाली विषयमा समाविष्ट निबन्ध विधाको विश्लेषण गर्नु रहेको छ । साथै यस मूल उद्देश्यसँग सम्बन्धित अन्य उद्देश्यहरु निम्न छन् :

१. उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपाली विषयमा समाविष्ट निबन्धहरुको पाठ्यक्रम अनुरूपता पहिल्याउनु,

२. छनौट र स्तरणको दृष्टिले निर्धारित निबन्धहरूको उपयुक्तताको आकलन गर्नु,

३. भाषिक सीप विकासका दृष्टिले निर्धारित निबन्धहरूको विश्लेषण गर्नु,

४. संरचनागत पक्षका आधारमा निर्धारित निबन्धहरूको विश्लेषण गर्नु,

५. निर्धारित निबन्धहरूको भाषिक पक्षको स्थिति पत्ता लगाउन् ।

## १.५ पूर्वकार्यको समीक्षाः

अनुसन्धानका सिलसिलामा सम्बन्धित विषय शीर्षकमा यस अघि सम्पन्न गरिएका कार्यहरुको व्यवस्थित रुपमा अध्ययन गरी ती सबै कार्यको संक्षिप्त तर क्रमबद्ध र कालक्रमिक विवरण अनि समीक्षा प्रस्तुत गर्नुलाई नै पूर्वकार्यको समीक्षा भनिन्छ । जुन शोधकर्ताका लागि अत्यावश्यक हुन्छ । यस्तो कार्यले सम्बन्धित विषय क्षेत्रमा आफूभन्दा अघि के कति अध्ययन अनुसन्धान भएका छन् र ती के कति हुन बाँकी छन् भन्ने कुराको सम्यक् जानकारी दिन्छ । साथै पूर्व कार्यको समीक्षाले एउटै विषय शीर्षकीय अध्ययनको पुनरावृत्तिलाई कम गर्न मद्दत गर्दछ । त्यस्तै सम्बन्धित विषयको समस्याको विशिष्टीकरण पृष्ठभूमि प्रदान गर्न, उद्देश्य निर्धारण गर्न, विश्लेषणको आधार खोज्न्, अनुसन्धान पद्धति निर्क्यौल गर्न तथा सम्पूर्ण अनुसन्धानलाई नै उपलब्धिमूलक बनाउन पूर्वकार्यको समीक्षा शोधकार्यका सिलसिलामा अत्यावश्यक ठहरिन्छ ।

प्रस्तुत उच्च माध्यमिक तहको कक्षा ११ ऐच्छिक नेपाली विषयको पाठ्यक्रमअर्न्तगत निबन्ध विधाको विश्लेषणात्मक अध्ययन एक नवीन अध्ययन अनुसन्धान हो । हाल सम्मका अनुसन्धान प्रतिवेदनको विवरण अनुसार यस शीर्षकमा कुनै पनि अनुसन्धाले अनुसन्धानताले गरेको पाइँदैन । स्वभावतः यो एक नवीन अध्ययन विश्लेषण हो ।

विद्यालय स्तरका विभिन्न नेपाली विषयका पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरू र विभिन्न पत्रपत्रिका एवम् निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्ध, जीवनी नियात्रा, आदिको विश्लेषणात्मक अध्ययन गरिएको पाइन्छ । यहाँ यसै

निबन्ध विधाको विश्लेषणात्मक अध्ययनसँगै सम्बन्धित भएका अध्ययनलाई पूर्वकार्यको समीक्षाको रुपमा यसरी प्रस्तुत गरिएको छ :

शोधार्थी दीपकबाबु निरौलाद्वारा लिखित 'कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन' नामक शोधपत्रमा कक्षा नौ उत्तीर्ण विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कस्तो छ ? उनीहरूले निबन्ध लेख्न सक्छन् या सक्दैनन् ? सरकारी तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाएको पाइएको छ । यस तहका सिकारुहरुको सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमता कस्तो छ भन्ने कुराका साथै निबन्धलेखन क्षमता पत्ता लगाउन खोजिएको पाइन्छ ।

शोधार्थी केदारप्रसाद दाहालद्वारा लिखित 'माध्यमिक तह (९-१०) का नेपाली पाठ्यपुस्तकमा प्रयुक्त निबन्धहरूको अध्ययन' नामक शोधपत्रमा माध्यमिक तहको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका निबन्धहरु पाठ्यक्रमको उद्देश्यलाई समेट्ने किसिमका छन् या छैनन् ? विद्यार्थीहरूको रुचि, क्षमता अनुकुल छन् कि छैनन् ? सान्दर्भिक छन् या छैनन् भनी अध्ययन गरिएको छ । पुस्तकालयीय विधिको प्रयोग गरेर लेखिएको छ ।

शोधार्थी रामप्रसाद गौतमद्वारा लिखित 'चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथनात्मक विश्लेषण'मा सङ्कथन विश्लेषणमा सम्बद्धक र सम्बद्धनका के कस्ता भूमिका हुन्छन् ? उक्त भूमिकाका आधारमा निर्धारित निबन्धको कसरी सङ्कथन विश्लेषण गर्ने भनेर विश्लेषण गरिएको छ ।

समग्रमा उक्त शोधहरूको अध्ययनबाट नेपाली भाषा साहित्यमा निबन्ध लेखन क्षमता, माध्यमिक तहमा नेपाली पाठ्यपुस्तकमा समावेश निबन्धको विश्लेषण र निबन्धको सङ्कथनात्मक विश्लेषणमा सम्बद्धक र सम्बर्धनको भूमिका उल्लेख गरिएको छ । यी शोधकार्यहरुले यस शोधपत्र तयार गर्नमा विशेष मार्गनिर्देशन गरेको छ ।

अतः उच्च माध्यमिक तह कक्षा एघारको पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरूको विश्लेषण अहिले सम्म कुनै पनि अध्येताले नगरेको हुँदा यो आफैमा एक नवीन अध्ययन अनुसन्धान हो ।

## १.६ अध्ययनको औचित्य

भाषा शिक्षण विना परिष्कृत र परिमार्जित भाषाको कल्पनासम्म पनि गर्न सकिदैन । भाषा शिक्षणलाई पूर्णता दिन संलग्न हुने साहित्यका विभिन्न विधाहरू मध्ये निबन्ध विधा पनि एक महत्वपूर्ण विधा मानिन्छ । पाठ्यक्रमको उद्देश्य पूरा गर्न भाषा पाठ्यपुस्तकमा प्रयुक्त विधाहरूको सवल शिक्षणले मात्र सम्भव हुन्छ । भाषा शिक्षणमा निबन्ध विधाको केन्द्रीयता, विद्यार्थीहरुलाई जीवनोपयोगी भाषिक ज्ञान दिई स्वतन्त्र ढङ्गले निणात्मक विचार प्रवाह गर्ने भएकोले विश्व साहित्यमा यसको महत्व उच्च रहेको हुँदा भाषा शिक्षणमा शब्द, वाक्य, उखान टुक्का व्याकरण र सिर्जनात्मक एवं बौद्धिक र तार्किक अभ्यास गराउने हुनुपर्छ ।

कक्षा ११ को 'ऐच्छिक नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरूको अध्ययन गरी ती निबन्ध कत्तिको साहित्यिक रूचि जगाउने खालका छन् ? विद्यार्थीको बौद्धिक विकासमा मद्दत पुऱ्याउने खालका छन् या छैनन् ? राष्ट्रियता स्वाभिमान जगाउने खालका कुराहरू छन् कि छैनन् ? भन्ने कुराको अध्ययन गरेर शिक्षार्थीमा साहित्य प्रति अभिरूचि जगाउने, भाषिक सीपको विकासका साथै सक्षम, नैतिक, सामाजिक, ऐतिहासिक ज्ञान दिने र समसामयिक घटनाक्रमसँग सम्बन्धित निबन्धहरूको समावेश गरिएको छ । यस अध्ययनबाट अध्येताले माथि उल्लेख गरिएका भाषिक सीप समावेश पुरा गर्न निबन्धको सन्तुलित वितरण हुनुपर्छ र यसबाट पाठ्यपुस्तकको स्तरीयता कायम हुन सक्छ भन्ने अपेक्षा गरिएको छ ।

## १.७ शोधविधि

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रुपमा अध्ययन विश्लेषण गरी निष्कर्षमा पुऱ्याउनका लागि खास किसिमको तौर तरिका वा प्रक्रियाको अवलम्बन गर्नुपर्ने हुन्छ जसलाई उक्त अनुसन्धानको विधि मानिन्छ ।

प्रस्तुत अध्ययन कक्षा ११ को ऐच्छिक नेपालीमा समाविष्ट निबन्ध विधामा केन्द्रित छ । त्यसैले यस अध्ययनमा पाठ्यक्रममा भएका उद्देश्यहरूलाई महत्व दिएर निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । प्रस्तुत शोधकार्यका क्रममा निम्नलिखित दुई किसिमका सामाग्रीहरू प्रयोगमा ल्याइयो ।

(क) **प्राथमिक स्रोत**

यस अध्ययनका निम्ति उपलब्ध प्राथमिक स्रोतहरुमध्ये विश्लेषण गरिएको निबन्ध नै सबैभन्दा महत्वपूर्ण र प्राथमिक स्रोतको सामग्री रहेको छ । प्राथमिक स्रोतलाई आधार मानर गरिएको अनुसन्धान भएकाले स्वभावतः प्रस्तुत अध्ययन मूलतः पुस्तकालयीय अध्ययन विधिमा आधारित छ ।

(ख) **द्वितीय स्रोत** :

गौण स्रोतका रूपमा यस शोध शीर्षकसँग सम्बन्धित विविध किसिमका शोधपत्रहरू, पत्रपत्रिका, लेखरचना, सन्दर्भ पुस्तक, विभिन्न निबन्धसङ्ग्रहहरू तथा विभिन्न विद्वान्हरूका राय सुझाव तथा सल्लाहरूलाई द्वितीय सामाग्रीको रूपमा प्रयोग गरिएको छ ।

## १.८ अध्ययनको सीमा

कुनै पनि शीर्षकको सर्वपक्षीय अध्ययन गर्न जटिल हुने हुँदा निश्चित कुनै पक्षमा आधारित भई अनुसन्धान गरेर निष्कर्षमा पुग्नु उचित ठहरिने हुँदा यस अध्यनको सीमाङ्कन निम्नानुसार रहेको छ ।

(क) प्रस्तुत अध्ययन उच्च माध्यमिक शिक्षा परिषद्द्वारा संचालित कक्षा ११ को ऐच्छिक नेपाली विषयको पाठ्यक्रमले निर्धारण गरेका निबन्ध रचनाको विश्लेषणमा सीमित रहेको छ ।

(ख) उक्त पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरूका अतिरिक्त अन्य विधाहरूको अध्ययन यस शोधमा गरिएको छैन ।

(ग) प्रस्तुत अध्ययन पाठ्यक्रमको उद्देश्य र अनुरूपता संरचनात्मक तथा भाषिक पक्षको विश्लेषण, छनौट र स्तरणका आधारमा निबन्धको विश्लेषणमा आधारित रहेको छ ।

## १.९ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधकार्यको संरचनालाई व्यवस्थित तुल्याउनका लागि यस शोधकार्यलाई पाँच अध्ययनमा विभाजन गरी निम्नानुसारको रुपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद एक** : शोधको परिचय, शोधको शीर्षक, शोधपत्रको प्रयोजन, समस्या कथन, अध्ययनको औचित्य, शोध विधि, अध्ययनको सीमा समावेश गरिएको छ ।

**परिच्छेद दुई** : निबन्धको परिचय, परिभाषा, तत्वहरु निबन्धको वर्गीकरण

**परिच्छेद तीन** : पाठ्यक्रम अनुरूपताका आधारमा निर्दिष्ट निबन्धहरूको विश्लेषण, पाठ्यक्रमको परिचय, विधाको क्षेत्र र क्रमअनुसार निर्दिष्ट निबन्धको विश्लेषण, छनौट र स्तरणका अधारमा निर्दिष्ट निबन्धको विश्लेषण, अङ्क र समय विभाजन, निबन्ध शिक्षणको महत्व र प्रयोजन ।

**परिच्छेद चार** : संरचनागत आधारमा निर्दिष्ट निबन्धहरूको विश्लेषण

**परिच्छेद पाँच** : पाठ्यपुस्तकमा प्रयुक्त निबन्धहरूको भाषिक पक्षको विश्लेषण, वाक्य रचना, उखान टुक्का

**परिच्छेद छ** : निष्कर्ष र सुझावहरू/उपसंहार

- शोधसार
- सन्दर्भग्रन्थ सूची
- व्यक्तिवृत्त

# परिच्छेद - दुई

# सैद्धान्तिक परिचय

## २. निबन्धको परिचय र परिभाषा

### २.१ निबन्धको सैद्धान्तिक परिचय

भाषा मानवीय विचार विनिमयको प्रमुख साधन हो । मानव विकाससँगै भाषाको पनि क्रमिक विकास भएको पाइन्छ । सुरूमा औच्चार्य वा कथ्य भाषाको रूपमा रहेको भाषा नै पछि आएर लिपिबद्ध हुन थालेको हो । समाजको विकास सँगै भाषाको पनि विकास हुँदै आयो र क्रमशः स्तरीयता प्राप्त गर्न थाल्यो । भाषाले साहित्यिक स्वरूप ग्रहण गर्न थालेपछि यसका प्रमुख दुई भेद देखिन थाले । छन्द शास्त्रीय नियम अनुसार छन्दमा बाँधिएको भाषाको साहित्यिक रूपलाई पद्य र छन्दमुक्त साहित्यक भाषिक स्वरूपलाई गद्य भन्न थालियो । लेख्य भाषाका यी प्रमुख भेदमध्ये निबन्ध गद्य भाषामा लेखिने, आस्वादनका दृष्टिले साहित्यको श्रव्य भेदअन्तर्गत पर्ने आधुनिक साहित्यको जल्दोबल्दो साहित्यिक विधा हो । निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्म र वस्तु दुवै वा कुनै एक पक्षमा केन्द्रित तथा सुरुमा आभ्यासिक र पछि गएर स्वस्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्य विधा हो । गद्यको अभिव्यक्ति क्षमता सबल र प्रौढ हुँदै गए पनि सृजित वस्तुको प्रकाशन, प्रसारण, वितरण र संरक्षण एवम् सुपठनको वातावरण तयार हुँदै गएपछि मात्र साहित्यमा निबन्ध पनि एउटा छुट्टै विधाको रुपमा सिर्जना हुन थाल्यो । यसकारण विश्व साहित्यमा निबन्ध घनिष्टम विधा हो । (सुवेदी, २०५६:१) यसैको परिणाम स्वरूप नेपाली निबन्ध पनि नेपाली साहित्यकारको कान्छो विधाका रुपमा देखा परेको छ ।

मानिस चिन्तनशील प्राणी हो । उसका पृष्ठभूमिका अथाह ज्ञानराशी छन् भने वर्तमान जीवन भोगाईका तिता-मिठा पक्षहरु उसको आँखा सामुन्ने हुन्छन् ।

यस्तै अथाह ज्ञान राशिबाट एक पक्षको सानो विन्दु टिपेर निबन्ध लेखनको थालनी हुन्छ । त्यसको पनि भेउ नदिएर सानो लेखाजोखा वा दिग्दर्शन मात्र निबन्धले गर्न सक्छ त्यसो नगरी सर्वाङ्ग चर्चा गर्ने प्रयास भएमा त्यो निबन्धको पहुँच भन्दा टाढा जान्छ अनि त्यसले एक ग्रन्थ वा शोध प्रबन्धकै रुप लिन पनि सक्छ । यसरी सीमित घेराभित्र रहेर असीमित विचार चियाउने र लगभग आधा घण्टाको उक्त बसाइमा पढी सकिने गद्यमय अभिव्यक्तिले निबन्धको नाउँ लिन पुग्छ ।

मानिसका मनमा नाना थरीका कुराहरू व्यक्त अव्यक्त भएर रहेका हुन्छन् । सबैबाट यस्ता सोचाइ बाहिर निस्कन सक्दैनन् । मानवताका नाताले अनुभूतिको स्तर समानधर्मी जस्तै देखिए पनि अध्ययन र साधनाको घटबढले अभिव्यक्तिलाई पनि प्रभाव पारेको हुन्छ, किनभने निबन्धलेखन पनि एउटा कला हो । साधना र अभ्यासले कलामा चमक आउँछ । अध्ययन र अभ्यासले अभिव्यक्तिमा निखारता आउँछ । अभिव्यक्तिको सीपमा जति परिपक्कता एवं निखरता आयो निबन्ध पनि त्यत्तिकै प्रौढ बन्न पुग्छ । हुन पनि जलाशयमा जत्रो भाँडो डुबायो त्यत्तिमात्र पानी निकाल्न सकिन्छ । भाषिक सीप र प्रस्तुती सार्मथ्यले निबन्धमा पनि यस्तै काम गरेको हुन्छ । अनुभूति जति सुकै तीब्र किन नहोस अभ्यास नभएमा त्यसले विकसित रूप लिन सक्दैन । त्यसैले निरन्तर अभ्यास र साधनाविना निबन्ध लेखन क्षमतामा अधुरोपना आउन सक्छ ।

निबन्धले अन्य विधाहरूका माझ पनि आफ्नो अस्तित्व कायम गर्न सफल छ । प्रख्यात कति सिद्धान्त नाटककारहरू पनि निबन्ध विधालाई हुन्छन् र त्यसमा आफ्नो पन समेत भरिदिन्छन् । यसरी काव्यकारिता, नाटकीयता र कथाकारिता को धेरथोर प्रभाव पनि निबन्धले ग्रहण गरेको हुन्छ । नभन्दै महाकवि लक्ष्मीप्रसाद देवकोटाका निबन्धमा कविताको गन्ध आउँछ भने बालकृष्ण समका निबन्धहरू नाटकीय प्रभावबाट मुक्त हुन सकेका छैनन् । यसरी कथा, कविता, नाटक र उपन्यासका छेउछाउ घुमे पनि निबन्ध आखिर निबन्ध नै हो । निबन्धले आकार प्रस्तुति र प्रबन्धबाट आफ्नोपन स्पष्ट गरेको हुन्छ । निबन्धले आफ्नो क्षेत्रभित्र

हाँस्यव्यङ्ग्यलाई पनि समावेश गराएको छ । हास्यव्यङ्गयको मूल क्रिडा क्षेत्र निबन्ध नै हो । यसरी निबन्ध विधाले छुट्टै पहिचान कायम गरेको छ । छोटकरीमा निबन्ध विधालाई निम्नानुसार चिन्न सकिन्छ :

- छोटो-छरितो गद्यविधा,
- मनका कुरा पोख्ने माध्यम
- धुलाको कणदेखि विशाल ब्रहमाण्ड सम्म विषय हुन सक्ने,
- कुनै विषयमा आफू मिसिएर अथवा तटस्थ रहेर गरिने वर्णन,
- निरन्तर अभ्यास र साधनाबाट लेखनकलाको विकास हुने,
- साहित्यका अन्य विधाहरू कथा, कविता, नाटकको छाप पनि निबन्धमा पाइने,
- प्रस्तुतिगत चमकता पाइने विधा,
- आदि, मध्य र अन्त्यको संगठन ।

वस्तुतः वास्तविक वा काल्पनिक विषयवस्तुमा केन्द्रित छोटो छरितो, खँदिलो सुगठित र आलङ्कारिक भाषा शैली युक्त छोटा छरिता अनुच्छेदहरूमा विभक्त हार्दिक अनुभूतिको रागात्मक पोखाई भएको ललित, गद्यबन्धनमा संरचित, साहित्यक रचना नै निबन्ध हो ।

निबन्ध शब्दको अर्थ पूर्वीय एवंम पाश्चात्य विद्वान्हरूले आ-आफ्नै किसिमले लगाउँदै आएका छन् । यति भएर पनि यस शब्दको उच्चारण गर्ने वित्तिकै पाठक र समालोचकका मनमा एउटा सर्बग्राही झ्वाट्ट आउँछ त्यो ललित गद्य भाषाको छोटो संरचना हो निबन्ध । पूर्वीय साहित्य इतिहासलाई कोट्टयाउँदा निबन्धको शाब्दिक प्रयोग निम्नानुसार हुँदै आएको भेटिन्छ : 'नि' उपसर्ग लागेको 'बन्ध' धातुमा 'घञ्' प्रत्यय हुँदा निबन्ध शब्द बन्दछ र यसको शब्दार्थ वा मौलिक अर्थ राम्ररी बाँध्नु हो । (उपाध्याय, २०५८:१६०) । याज्ञबल्क्य, 'स्मृतिमा निबन्धको द्रव्यमेव च' भनेर निबन्धलाई द्रव्यको अर्थमा लिइएको छ । गीतामा निबन्ध शब्द

आएको छ भनेर सांसारिक मायामा बाँधिने अर्थमा निबन्ध शब्द आएको भने हेमचन्द्रले यसको प्रयोग सङ्ग्रहग्रन्थ मूत्ररोधरूपी तथा बन्धनका अर्थमा गरेका छन् । प्राचीन कालमा लेख लेखिएका भोजपत्रहरूलाई तह लगाएर बाँध्ने वा सिउने जुन प्रक्रिया हुन्थ्यो त्यसैलाई बुझाउने अर्थमा निबन्ध शब्दको प्रयोग हुन्थ्यो । (हिन्दी साहित्यकोश, ज्ञानमण्डल लिमिटेड, बनारस, स. २०१५) कागज र मुद्रणयन्त्रको आविस्कार भइनसकेको प्राचीन समयमा लेखकहरूले भोजपत्र वा ताम्रपत्रमा लेख्नु र आफ्नो लेखोट हराएर नासिएर जालान् भनी सिलसिला मिलाएर तिनलाई राम्ररी सुत्रमा उनेर राख्नु आवश्यक थियो । त्यो उन्ने काम राम्ररी हुनु पनि स्वभाविकै थियो । त्यसैले यस बन्धन प्रक्रियालाई निबन्ध भनिएको हुनुपर्छ । वामन शिवराम आष्टेद्वारा सम्पादित संस्कृत-हिन्दी शब्दकोषमा निबन्धका बाँध्नु, जोड्नु आसक्ति, रचना, कुनै साहित्यिक ग्रन्थ वा कुनै कृतिको टीका, कुनै संङ्ग्रह, श्रृङ्खला आदि अनेक अर्थ दिइएको छ । (उपाध्याय, २०५५:१६०) ।

पश्चिममा साहित्यिक विधा विशेषका अर्थमा निबन्ध शब्दको प्रयोग सन् १५८० मा फ्रान्सका विद्वान् मोन्टेन (Michel De Montaigh) बाट भएको पाइन्छ । शब्द व्यूत्पत्तिको विकासकार्य हेर्दा ग्रीसेली भाषाको एसाइज (Essais) शब्दबाट अंग्रेजीमा एस्से (Essay) भएको हो । यसको मौलिक अर्थ प्रयास वा प्रयत्न हो । (थापा, २०५०:१८५) अक्सफोर्ड एड्भान्स्ड लर्नर्स डिक्सनरी अफ करेन्ट इङ्गिलसमा यसलाई कुनै पनि विषयमा लेखिएको सङ्क्षिप्त गद्यात्मक स्थान पनि भनिएको छ । नेपाली साहित्यमा सामान्यतया निबन्ध यसैको पर्यायका रुपमा प्रयुक्त छ । (उपाध्याय, २०५८:१६१)

'निबन्ध' शब्द संस्कृतबाट तत्सम शब्दका रूपमा नेपालीमा आएको हो । यसको शाब्दिक अर्थ हो पुरै बन्धन वा कसिएको रूप, तर साहित्यिक विधामा 'निबन्ध' शब्द अंग्रेजीको एस्से (Essay) शब्दको पर्यायवाची भएर आएको छ । कुनै विषयवारे आफु रङ्गिएर वा तटस्थ रहेर गरिएको सङ्क्षिप्त अभिव्यक्ति निबन्धको

अर्थ हो । कुनै वस्तु वा विषयबारे त्यसको स्वरूप प्रकृति र गुण-दोषमा लेखकको निजी चिन्तनधारा निबन्धले बोकेको हुन्छ । वास्तवमा आज निबन्ध शब्द ल्याटिन्को एलिग्जियर, फेन्चको एसाइज र अंग्रेजीको एस्सेको अनुवाद भएर देखा परेको छ । यसको शाब्दिक अर्थ हुन्छ परीक्षण र प्रयत्न निबन्ध बढी सरल, स्वच्छन्द, आडम्बरहीन, व्यक्तित्वमिश्रीत र पाठसँग नजिकको साइनु राख्ने खालको हुन्छ । छरिएर रहेको चिन्तनभित्र पनि अन्तः सम्बन्ध र उन्मुक्त अभिव्यक्तिभित्र पनि नियमित रखाइ निबन्धको आफ्नो विशेषता हो । वर्तमान समयमा निबन्धको शाब्दिक अर्थसँग अझ स्पष्ट हुनु निम्न लिखित नेपाली शब्दकोषका शाब्दिक अर्थहरुलाई कोट्याउनु सान्दर्भिक ठानिन्छ ।

हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा) प्रयोगात्मक शब्दकोश (विद्यार्थी पुस्तक प्रकाशन प्रा.लि. काठमाण्डौं, २०६१: ५५१) मा निबन्ध शब्दको अर्थ निम्नानुसार दिइएको छ । “कुनै वस्तु विचार तथा भावको श्रृंखलाबद्ध अभिव्यक्ति भएको गद्यरचनाको एक विधा, प्रबन्ध निबन्ध आत्मपरक र वस्तुपरक दुवै शैलीमा लेखिन्छ ।”

बृहत नेपाली शब्दकोश (सम्पा) (ने.रा.प.प्र. काठमाण्डौं, २०५८:६८९) मा निबन्ध शब्दको अर्थ यसरी लगाइएको छ : “कुनै विषयलाई लिएर कलात्मक वा वस्तुगत पाराले गद्यमा लेखिएको छोटो साहित्यिक रचना, साहित्यको एक गद्य विधा निबन्ध हो ।

यसरी हेर्दा निबन्ध साहित्य विधाहरुमध्ये एक गद्य विधा हो । यसमा विचार तथा भावको श्रृखलाबद्ध अभिव्यक्ति हुन्छ । निबन्धकारको शैलीअनुसार आत्मपरक र वस्तुपरक गरी निबन्धकारको वर्गिकरण गर्न सकिन्छ । वर्तमान निबन्धको अर्थ बन्धनको नजिक छ र अर्थसङ्कोच भई साहित्यको एक विधाको रुपमा प्रयुक्त छ । साहित्यका गद्य र पद्य गरी दुई प्रमुख पाटाहरु मध्ये गद्य भएर पनि अझ

आख्यानहीन, आत्मको रागात्मक अनुभूतिको प्रस्तुति, ललित शैली, छोटो बसाइमा पढीसकिने गद्य भाषामा लेखिएको रचना नै निबन्ध हो ।

## २.२ निबन्धको परिभाषा

फ्रान्स र बेलायतमा निबन्धको जन्म इस्वीको १६ औं शताब्दिको उत्तरार्द्ध ई. १६८०  मा भएको हो । यसको श्रेय फ्रान्समा मोन्टेन र बेलायतमा बेकनलाई छ । मोन्टेनउन्मुक्त रुपमा साना साना आकारका गद्य रचनामा भावनाप्रवाह बगाएका छन्  । उनले नयाँ ढंगबाट नयाँ कुरा लेख्ने प्रयत्न गरे र त्यो प्रयत्न नै एस्से वा निबन्ध विधाका रुपमा स्थापित भयो । आफ्ना प्रयत्न (एस्से) बारे मोन्टेनको विनम्र भनाइ यस्तो छ : "यी मेरा स्वच्छन्द कल्पना विलास हुन यिनबाट म कुनै नौलो वस्तुको आविस्कार गरौं भन्ने स्वाँग पार्दिन र मेरो काम हो केवल आफ्नो हृदय खोलेर देखाउनु" । बेकनले ई. १५९६ मा निबन्धलाई अंग्रेजीमा भित्र्याएका हुन् । उनको भनाई छ : निबन्ध विकीर्ण चिन्तन हो ।

हड्सनले आफ्नो पुस्तकमा भनेका छन् : मोटामोटी रुपमा कुनै पनि विषयमा लेखिएको रचनालाई सच्चा निबन्ध मान्न सकिन्छ । यसको मुख्य विशेषता हो अपेक्षाकृत सङ्क्षिप्तता र पट्यारिलोपनाको अभाव"

हिन्दीका आचार्य रामचन्द्र शुक्लको विचारमा : 'यदि गद्य कविहरूको कसी हो भने निबन्ध हो गद्यको कसी ।'

हरिहरनाथ टन्डनको कथन छ : 'निबन्ध शब्दको अर्थ हो बाँधिएको अतः थोरै अत्यन्त चुनिएका शब्दहरुमा कुनै विषयमा आफ्नो विचार प्रकट गर्ने प्रयत्नलाई निबन्ध भन्दछन् ।'

महाकवि लक्ष्मीप्रसाद देवकोटाले निबन्धका सम्बन्धमा भन्छन् "यो टेबुल गफ हो, चश्मादार अध्यापनको व्याख्यान होइन, न त बमनबेदान्त । यसमा ठर्रोपना हुँदैन, यो लम्बिन्छ र अनिष्ठातिर ओर्लिन्छ ।"

हृदयचन्द्र सिंह प्रधानका विचारमा : 'निबन्धमा लेखकले कलमको पछि पछि दौडेर मात्र पुग्दैन पाठकहरूलाई प्रभावित पार्न कलमलाई हृदय पक्राउने कोसिस पनि गर्नु पर्दछ । परिमार्जित र परिपक्क विचार, दृष्टिकोणलाई व्यङ्ग्य हाँस्य र ठट्यौलोपन मामुली तवरबाट पोख्दै जानुपर्छ ।'

बदरीनाथ भट्टराईको विचारमा : (निबन्ध) 'सत्य वस्तु देखाउने लेखकीय अन्र्तज्योतिको शाब्दिक स्वरुप हो ।'

बालकृष्ण पोखरेलका विचारमा : 'सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतालाई सुनाइएको गन्थन हो ।'

माथि उल्लेख गरिएका परिभाषाहरूको आधारमा के भन्न सकिन्छ भने कविता जस्तै निबन्धलाई पनि निश्चित परिभाषामा बाँध्न सकिन्न । तर पनि विभिन्न विद्वान्हरूको पृथक-पृथक धारणामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले निबन्धका केही आवश्यक तत्वहरुको उल्लेख गरेको पाइन्छ । यसै पृष्ठभूमिमा आवश्यकताको दृष्टिले निबन्धमा गद्यात्मकता लघुता, बैयक्तिकता, घनिष्ठता हुनुपर्दछ भन्न सकिन्छ । सङ्क्षेपमा निबन्धमा बैयक्तिक विचार वा अनुभूति विशेषको गद्यात्मक अभिव्यक्ति हुन्छ ।

वास्तवमा निबन्ध भनेको गद्यमा अभिव्यक्त भएको व्यक्तिको आत्म प्रकाशन हो । त्यसैले साहित्यमा अन्य विधाका तुलनामा निबन्ध मुक्तक कविताको धेरै नजिक हुन्छ । निबन्धमा कथाको एकोन्मुखता, एकाङ्कीको तीब्रता र समालोचनाको निर्मिकता र निष्पक्षता हुन्छ । एकातिर गीतको सरलता, सरसता र कोमलता हुन्छ भने अर्कोतिर त्यही गितिशिल्पको कलात्मक तीब्रता र प्रभावोत्पादक हुन्छ । अनुभूतिको तीक्ष्णता, विचारको सशक्तता, कल्पनाको तीब्रतालाई निबन्धका आवश्यक गुणको रुप लिन सकिन्छ ।

## २.३ निबन्धका तत्वहरू

कुनै पनि बस्तुको रचनामा विभिन्न तत्वको योग भएको हुन्छ । त्यसैले निबन्धलाई संरचनागत पूर्णतामा पुऱ्याउन विभिन्न किसिमका उपकरणहरू वा अव्यवहरुको आवश्यकता पर्दछ । निबन्ध बन्नका लागि आवश्यक पर्ने कुराहरु नै निबन्धका तत्व हुन् । आवश्यक तत्वविना निवन्धको संरचना हुँदैन त्यसैले आवश्यक र अनिवार्य तत्वले मात्र निबन्धलाई कसिलो, खिरिलो र कलात्मक एवम् सुगठित बनाउन काम गर्दछ । साहित्यका अरु विधा जस्तै निबन्धको तत्व निरूपण गर्नु कठिन कार्य हो । साहित्यले समयक्रममा आफ्ना स्वरूपमा परिवर्तन गरिरहन्छ । त्यसैले हिजोका मान्यता आज अमान्य ठहरिन्छन् । यसै अनुरूप निबन्ध पनि एउटा परिवर्तनशील विधा हो । यिनै मुलभूत धर्मलाई स्वीकार्दै त्यस आधारमा निबन्धको तत्व निर्धारण गर्न सकिन्छ । कतिपय समीक्षकहरुले निबन्धका विभिन्न तत्व प्रस्तुत गरेका पाइन्छ निबन्धको संरचनाका निम्ति प्रयोग हुने मुख्य तत्वहरुलाई निम्न रुपमा प्रस्तुत गर्न सकिन्छ ।

### २.३.१ विषयवस्तु :

विषयवस्तु निवन्धको महत्वपूर्ण तत्व हो । निवन्धको विषय व्यापक हुन्छ । निवन्धका रचनाका लागि जीवनजगत्बाट टिपिएका सामाग्री नै विषयवस्तु हुन सक्छ । निबन्धकारले आफ्नो रूचि स्वभाव अनुसार जुनसुकै विषयलाई पनि छान्न सक्छ । वस्तुतः अनुभूतिलाई व्यक्त गर्ने माध्यामलाई विषय भनिन्छ । विषयवस्तुलाई निबन्धकारले आफ्नो इच्छाअनुसार प्रधान वा गौण रूपमा प्रस्तुत गर्न सक्छ तर विषयवस्तुको नितान्त अनुपस्थितिमा निबन्ध लेख्न सम्भव छैन । जीवन जगत्का यावत् पक्ष पक्षयान्तरका विषयमध्ये कुनै पनि पक्षलाई टिपेर निबन्ध र्सिजना गर्न सकिन्छ । त्यसैले पनि विषयगत व्यापकता निबन्धको आवश्यक तत्व मानिन्छ । विषयगत व्यापकताका कारण निबन्धमा प्रकारका पनि प्रत्यक्ष प्रभाव पारेको हुन्छ । निबन्धको विषयतिर ध्यान दिदा जीवाणुदेखी

ठुलारासी सम्मका कुनै पनि वस्तु निबन्धमा समाहित हुनसक्छ । तसर्थ पनि विषयगत व्यापकताका निबन्धको अनिवार्य तत्व मानिन्छ :

### २.३.२. भाषाशैली :

कुनै पनि लिखित वा मौखिक कुराको अभिव्यक्तिको माध्याम भाषा हो भने प्रस्तुतिको तरिका शैली हो । निबन्धको भाषा गद्य हुन्छ । यसको भाषा सरल, संगठित र स्तरीय हुनुपर्दछ । निबन्धमा प्रस्तुत गरिएका विषयवस्तुलाई बुझाउन सक्ने खालको स्तरीय भाषाको प्रयोग निबन्धमा अपेक्षित हुन्छ । निबन्धमा लिइएको विषयवस्तुलाई सम्प्रेषण गर्नका लागि तयार गरिएको शब्द, वाक्य अनुच्छेदहरुको वुनोट शैली हो । व्यक्ति पिच्छे शैली फरक फरक हुन्छ । शैली भावका दृष्टिले संयुक्तशैली, भावुकशैली, व्यङ्ग्यात्मक हुन्छन भने भाषाका दृष्टिले व्यासशैली, समासशैली, हुन्छन । संयुक्त शैलीमा लेखक नियन्त्रित भएर भावुकतालाई छताछुल्ल पारेको हुन्छ । व्यङ्ग्यशैलीमा लेखकले भावलाई चमत्कारपूर्ण ढङ्गले ठट्यौलो पारामा प्रस्तुत गरेको हुन्छ । सरल र सहज भाषाका माध्यमबाट प्रस्तुत गर्नु प्रसादशैली हो भने विशिष्ट र बौद्धिक खालको भाषाका माध्यमबाट प्रस्तुत गर्नु समासशैली हो ।

आत्मपरक निबन्धको भाषाशैली सुकोमल, सरल, भाबुकतापूर्ण र बाक्चातुर्यले भरिएको हुन्छ भने वस्तुपरक निबन्धको भाषाशैली ठोस वस्तुगत र तार्किक एवं बौद्धिक हुन्छ । निबन्धमा प्रस्तुत गरिएको विषयवस्तु भावलाई पक्रन सक्ने सौन्दर्यपूर्ण सरल, आलङ्कारिक विम्बात्मक र सुगठित भाषाशैली हुनुपर्छ ।

### २.३.३ उद्देश्य :

लेखकले साहित्यको सृजना कुनै न कुनै प्रयोगका लागि गरेको हुन्छ । कुनै पनि विषयको सत्यतथ्यका बारेमा पाठकलाई जानकारी गराउनु नै निबन्धको उद्देश्य हो । निबन्धकारले आत्मप्रकाशनको माध्यमबाट आफ्ना विचार वा चिन्तनलाई व्यक्त गरेको हुन्छ र त्यसमा कुनै उद्देश्य निहित रहेको हुन्छ । त्यसर्थ

कुनै पनि साहित्यिक स्रष्टाले भोगका, देखेका, कल्पना गरेका र अनुभव गरेका कुराहरुलाई सरस, सहज र आर्कषक शैलीका माध्यमबाट पाठकहरूलाई सूचना, प्रदान गर्न छिटो र मीठो गद्य शैलीमा ढालेर अभिव्यक्ति गर्नु निबन्धको मूल उद्देश्य रहेको पाइन्छ ।


### २.३.४ सङ्गठन

निबन्ध निश्चित श्रृखलामा आबद्ध हुने भाषिक प्रक्रिया हो । निबन्ध गृहीत वस्तुलाई क्रमबद्ध रूपमा प्रस्तुत गर्ने क्षमताको आरम्भ विकास र उपसंहारका रुपमा श्रृखलाबद्ध रूपमा आत्माभिव्यक्तिको प्रस्तुति हो । यस प्रस्तुतिलाई भूमिका खण्ड, विस्तारखण्ड तथा उपसंहार खण्डमा विभाजन गर्न पनि सकिन्छ । निबन्ध स्वस्फूर्त प्रवाहमा विकसित श्रृंखलाबद्ध भाषिक प्रक्रिया हो ।

### २.३.५ सङ्क्षिप्तता

सङ्क्षिप्तता निबन्धको बाह्य पक्षसँग सम्बद्ध कुरा हो । यसले निबन्धको आकार प्रकारलाई बुझाउँछ । निबन्धको लागि गृहीत विषयलाई निबन्धकारले निश्चित सीमाभित्र आबद्ध भएर अभिव्यक्ति गरेको हुन्छ । सङ्क्षिप्तताको तात्पर्य थोरै समयमा पढिसक्ने गरी प्रस्तुत गरिएको विषयबस्तुको पूर्ण अभिव्यक्ति हो । सङ्क्षिप्तताको अर्थ सारसंक्षेप नभई गृहीत वस्तुलाई सङ्क्षिप्त रुपमा पूर्ण रुपाकृति दिनु हो । यसरी सङ्क्षिप्ततालाई निबन्धको प्रमुख तत्वका रुपमा लिन सकिन्छ । (पौड्याल कृष्ण विलास : २०६३:४११)

## २.४ विषयको आधारमा निबन्धको वर्गीकरण




## २.४.१ निजात्मक निबन्ध

निजात्मक निबन्ध वा आत्मपरक निबन्ध व्यक्ति प्रधान हुन्छ । निबन्ध कारले व्यक्तिगत तथा निजात्मक विचारलाई भाषाका माध्यमबाट व्यक्त गरेको हुन्छ । व्यक्तिको बढी महत्व रहने यस किसिमका निबन्धमा विषयवस्तु चाहि गौण रहने हुन्छ । सामान्य विषयवस्तुलाई निबन्धकारले असामान्य तरिकाले अभिव्यक्त गरेको हुन्छ । आफ्ना अर्न्तमनका कुरालाई अरुका समक्ष पुऱ्याउने यस प्रकारका निबन्धभित्र भावनात्मक, विचारात्मक र बैयक्तिक निबन्धहरु पर्दछन् । (डा. लामिछाने यादव प्रकाश: २०६४:१५९)

### २.४.१.१. विचारात्मक निबन्ध

तर्क चिन्तन तथा विचारको प्रधानता भएको निबन्ध नै विचारात्मक निबन्ध हो । यस किसिमका निबन्धमा निबन्धकारले तर्क र चिन्तनहरूलाई विशेष महत्व दिनुका साथै बुद्धिपक्षलाई सवलताका साथ प्रयोग गरी तार्किकता र क्रमिकतालाई तलमाथि नपारी थोरैमा धेरै भन्न सक्ने गरी निबन्धात्मक अभिव्यक्ति गरिएको पाइन्छ । बुद्धितत्व वा पक्षले खारिएका यस किसिमका निबन्धहरू बढी ओजपूर्ण रहने हुन्छन् । (डा. लामिछाने यादव प्रकाशन: २०६४:१५९)

### २.४.१.२. भावात्मक

भावपक्षलाई प्रधानता दिएर लेखिएका निबन्धलाई भावनात्मक निबन्ध भनिन्छ । कल्पनाको विशेष उडान गर्न सकिने यस किसिमका निबन्धमा भावको समुचित अन्वय भएको पाइन्छ । विषयवस्तुको अभिव्यक्तिमा कवितात्मक भाषाको प्रयोगमा रुचि देखाइने यस किसिमका भाषा, भावना र कल्पनाको केन्द्रीयतामा यस प्रकारका निबन्धहरू रचिने भएकाले मान्छेको मन सजिलै जित्न सक्ने हृदयस्पर्शी भएर प्रकटित भएको पाइन्छ । कल्पनाको विशेष स्थान हुन सक्ने यस किसिमका निबन्धमा निबन्धकारले कुनै साधारण विषयवस्तुलाई टिपेर असाधारण तरिकाले प्रस्तुत गरेको हुन्छ । डा. लामिछाने यादव प्रकाशन : २०६४:१५९)

### २.४.१.३ वैयक्तिक निबन्ध

वैयक्तिक निबन्धलाई आत्मपरक निबन्ध पनि भनिन्छ । यो निजात्मक निबन्धको एउटा महत्वपूर्ण उपभेद हो । भावात्मक निबन्धका गृहित पक्षमाथि लेखकको "स्व" प्रकट भएको हुन्छ । स्वानुभूतिको प्रदर्शन आत्मपरक निबन्धको विशेषता हो । त्यसैले आत्मपरक निबन्ध आत्मकथा वा आत्मसंस्मरणको नजिक रहन्छ । यस्ता निबन्धमा निबन्धकारले यथार्थ अभिव्यक्ति पोखेको हुन्छ । जीवनका अनुभूतिलाई कथात्मक ढाँचामा निबन्धकारले निच्छलतापूर्वक स्वानुभूतिहरू प्रकट गरेको हुन्छ । निष्कपट रुपमा गफ गराइका ढाँचामा आत्मप्रकाशन भएको निजात्मक निबन्धको एउटा भेदलाई वैयक्तिक वा आत्मपरक निबन्ध भनिन्छ । (पौड्याल कृष्णविलासः २०६३:४१२)

### २.४.२ परात्मक निबन्ध :

विषयनिष्ट निबन्धहरू विषयकै सेरोफेरोमा घुम्छन् । यस्ता निबन्धमा निबन्धकार आफू तटस्थ रहन्छ र विषयवस्तुको चिनारी गराउने धुनमा रहन्छ । यसमा निबन्धकारको "स्व" टड्कारो रुपमा प्रकट हुँदैन । निजानुभूतिको वास्ता नगरेर "पर" वा वस्तुसत्यको यथार्थ चित्र प्रस्तुत गर्नु उसको मूललक्ष्य हुन्छ ।

त्यसैले यस्ता निबन्ध परात्मक हुन्छन् । निबन्धकारका निजी भावना, उल्लास तथा अनुभवहरू परात्मक निबन्धमा रुपायित हुँदैनन् । निबन्धको प्रमुख लक्ष्य सूचनात्मकता हुन्छ र आत्मप्रकाशन गौण हुन्छ । लेखक नचिनिएर विषयवस्तुको अवगत गराउनु र पाठकलाई वाक्छल वा पाण्डित्य-प्रदर्शनमा नअल्झाएर वस्तुबोधतर्फ बढी उन्मुख गराउनु परात्मक निबन्धका गुण हुन् ।

विषयनिष्ठ वा परात्मक निबन्धका विषयवस्तु बाह्य हुन्छन र ती इतिहास, दर्शन, भ्रमण, विज्ञान, साहित्य, प्रकृति आदि जुनसुकै पनि हुन सक्छन् । यस्ता निबन्धहरूको प्रकृति स्पष्ट प्राय : सूक्तिगर्भ हुन्छ । यिनमा धेरै थोरै तर्क, विचार, समस्या तथा समाधान पक्ष पनि रहन्छन् । सिकारू लेखक, प्राय : उस्तै खालका निबन्ध लेखनबाट अभ्यास गर्दै अभिव्यक्त मानिएपछि दोस्रो प्रकारमा अभ्यास गर्न थाल्छन, नेपाली साहित्यमा बदरीनाथ भट्टराई, भीमनिधि तिवारी आदिले परात्मक निबन्ध लेखेका छन : (शर्मा गोपीकृष्ण : २०६३ : २७ )

## २.४.२.१ **वर्णनात्मक निबन्ध**

वर्णनमा केन्द्रित निबन्धलाई वर्णनात्मक निबन्ध भनिन्छ । यस्ता निबन्धमा गृहीत वस्तुलाई स्रष्टाका अनुभूति र कल्पनाले प्राणवान् बनाएको हुन्छ । निबन्धलाई रोचक, सशक्त र प्रभावकारी बनाउन कल्पनाशक्ति अनिवार्य हुन्छ । वर्णनप्रधान निबन्धमा क्रमबद्ध रुपमा वर्णन गर्नु अपेक्षित छ । यस्ता निबन्धको विषय ज्ञानमा पनि निबन्धकारको सचेतता अनिवार्य देखिन्छ । सरल र सुबोध शैलीको प्रयोग भएमा वर्णनात्मक निबन्ध प्रभावोत्पादक बन्दछ । (पौड्याल कृष्णविलास : २०६३:४१३)

## २.४.२.२. **विवरणात्मक निबन्ध**

घटनाको बेलिविस्तार गरिएको वा विषयप्रधान रहेको निबन्धलाई विवरणात्मक निबन्ध भनिन्छ । यसमा बृत्तान्तलाई प्रधानता दिइएको हुन्छ । विवरणात्मक निबन्ध घटित घटनाका आधारमा लेखिन्छ । यस प्रकारको निबन्धले

ऐतिहासिक वृत्तान्तका गहन पक्षलाई समेत रागात्मक रुपमा प्रस्तुत गरिएको हुन्छ । यस निबन्धमा लेखकको 'स्व' भन्दा 'पर' प्रधान रहन्छ । यसमा सरल सुबोध भाषाका साथै व्यञ्जना पूर्ण शैलीको प्रयोग गरिन्छ । (पौड्याल कृष्णविलास: २०६३:४१३)

## २.५ शैलीका आधारमा निबन्धको वर्गीकरण

### २.५.१ वर्णनात्मक शैली

वर्णनात्मक शैलीमा कुनै पनि क्षेत्रमा अवस्थित वस्तु र ठाउँ विशेषको वर्णन हुन्छ । प्राकृतिक पक्षको नदी, पहाड, झरना आदि र अप्राकृतिक रुपमा विषय नै वर्णनात्मक निबन्ध हुन सक्छन् । यसमा वर्णन विस्तार भएपनि वैयक्तिक छाप त रहन्छ । वर्णनमा सजीवता, कलात्मकता प्रतिभा र कल्पना तत्वको महत्वपूर्ण भूमिका हुन्छ । वर्णन नै यसको मूल आधार भएकाले त्यस शैलीको प्रयोगभएको हुन्छ ।

### २.५.२ आत्मपरक शैली

आत्मपरक निबन्धलाई वैयक्तिक निजात्मक र व्यक्तिप्रधान पनि भन्न सकिन्छ । व्यक्ति प्रधान निबन्धमा व्यक्तिको मुख्य स्थान हुन्छ र विषयको गौण स्थान हुन्छ । निबन्धकारको व्यक्तित्वको प्रवल छाप यसप्रकारको निबन्धको आधार हुन्छ ।

### २.५.३ भावपरक/भावुक शैली

निबन्धकारले आफ्ना मनमा उठेका भावहरूलाई छताछुल्ला रुपमा पोख्ने काम गरेको हुन्छ । यसमा मुलतः भावको प्रधानता  हुन्छ । जीवन र जगत्का साधारण विषयलाई भाव र कल्पनाको प्रचुरताले असाधारण बनाएको हुन्छ । जीवनको सुख-दुख आशा-निरासा तथा हाँसो रोदनको आधारभूमिमा जीवनको घनिष्टतम् रुपमा प्रस्तुत गरिएको हुन्छ ।

### २.५.४ तार्किक शैली

निबन्धको विषयलाई तर्कपूर्ण ढंगले उल्लेख गर्दै उद्देश्य प्राप्तितर्फ उन्मुख शैलीलाई तार्किकशैली भनिन्छ । निबन्धकारले तार्किकतासाथ सम्बन्धित विषयवस्तुलाई सोद्देश्य पूर्ण बनाउने प्रयास गरेको पाइन्छ । तर्क र प्रस्तुतीकरणका आधारमा तार्किकताको प्रदर्शन गरिने निबन्धात्मक शैलीमध्ये तार्किक शैली पनि एक महत्वपूर्ण शैली मानिन्छ ।

### २.५.५ आलङ्कारिक शैली

आलङ्कारपूर्ण ढङ्गबाट व्यक्त गरिने शैली आलङ्कारिक शैली हो । बोलीचालीको सामोत्य भाषा भन्दा माथि उठी आलङ्कारिक ठङ्गबाट विषयवस्तुको प्रस्तुतीकरण गर्नु यसको पहिचान हो । आलङ्कारिक शैलीमा अभिव्यक्तिको निबन्धलाई बढी साहित्यिक उत्कर्षता प्राप्त गरेको ठहरिन्छ ।

### २.५.६ हास्य व्यङ्ग्यात्मक शैली

हास्य र व्यङ्ग्य दुई शब्दको समिश्रणबाट तयार भएको हास्यव्यङ्ग्य शैलीमा समाजमा विद्यमान विकृति विसङ्गति र विषमताहरूका बारेमा केन्द्रित भएर निबन्धात्मक अभिव्यक्ति दिइन्छ । समाजका सर्वपक्षलाई समेटेर घोचपेच तथा हँसाउने माध्यमबाट विषयवस्तुको प्रस्तुती गरिएको हुने हुँदा पाठकवर्गले सहजताका साथ विषयवस्तुलाई बुझ्न कठिन भएतापनि हाँसोको माध्यमबाट तत्कालै आर्कषण गर्न सकिने भएकोले यस शैलीको प्रयोग गरी निबन्ध रचना गरेमा उत्कृष्ठ बन्न सक्ने हुँदा निबन्धमा यसको महत्व बढी रहेको पाइन्छ ।

### २.५.७ समास शैली

समास शैलीको निबन्धमा ज्यादै सङ्क्षेपमा विषयवस्तुको प्रस्तुतीकरण गरिन्छ । निर्दिष्ट शीर्षकमा केन्द्रित भएर निबन्धकारले अत्यन्त छोटकरीमा विषयवकस्तुको प्रस्तुतीकरण गरेको हुन्छ । सम्बन्धित विषयलाई सुत्रात्मकताका साथ प्रस्तुत गरिने निबन्धमा अभिव्यक्ति पक्ष खिरिलो र कसिलो हुनुका साथै

सङ्क्षिप्तता पनि हुने भएकोले थोरैमा धेरै कुरा व्यक्त गर्न सक्ने स्थिति रहने भएकाले यस किसिमका निबन्धहरु अपेक्षाकृत राम्रा मानिन्छन् ।

### २.५.८ व्यासशैली :

व्यासशैली भनेको निबन्धकारले सम्बन्धित विषयवस्तुलाई विस्तारित रूपमा अभिव्यक्ति गर्नु हो । निबन्धको सिर्जनाका क्रममा निबन्धकारको आफ्नो विचारहरूलाई विस्तारताका साथ अघि बढाएको हुन्छ विचारका साथै भावको समन्वय पनि गरिने यस प्रकारको शैलीमा निबन्धकारको उडान बेरोकटोक भएको पाइन्छ ।

### २.५.९. संयुक्त शैली :

संयुक्त शैलीको प्रयोग गरिएको निबन्ध वा निबन्धमा प्रस्तुत गरिएको अभिव्यक्ति अत्यन्त संयमित तथा नियन्त्रित हुन्छ । निबन्धकारले आफूभित्रको भावुकतालाई नियन्त्रण गरी निबन्धको विषयवस्तुको प्रस्तुतीमा संयमी बनेर अथवा उपर्युक्त किसिमले अभिव्यक्ति दिनमा रुचि देखाइएको पाइन्छ । यस प्रकारको निबन्धमा बुद्धि तत्वको प्रयोग गरिएको हुन्छ ।

## २.६ नेपाली निबन्धको विकासक्रम

नेपाली निबन्धको विकासक्रम केलाउँदा हामी नेपाली गद्यलेखनको परम्परामा पुग्नुपर्ने हुन्छ । नेपाली भाषाको लेख्य रूपको आरम्भ भएपछि देखापरेका अभिलेख ग्रन्थहरूमा सर्वप्रथम गद्यको प्रयोग भएको पाइन्छ । 'राजा गगनीराजको यात्रा' (१५५०), वाजपरीक्षा (१७००), प्रायश्चित प्रदीप १८८०, औषधरसायन (१८००), अघि यि ग्रन्थहरू नेपाली गद्यको इतिहासका महत्वपूर्ण सामाग्रीको प्रमुख आधारहरू मानिन्छन् । १८०० अघिका ग्रन्थहरूमा सामाग्रीका रूपमा मात्र सीमित रहेका यी सामाग्रीमा निबन्धगत तत्व पाइदैन । १९ औं शताब्दिको आरम्भमा अलिअलि प्रगति भएको पाउँछौं र नेपाली निबन्धको इतिहासलाई केलाउँदा पृथ्वीनारायण शाहको "दिव्योपदेश' (१८३१) लाई नेपाली

निबन्धको पृष्ठभूमीका रूपमा लिएको पाइन्छ । यस अघि पनि शक्ति बल्लभको 'महाभारत विराट पर्व' (१८२७) पाइयता पनि त्यसमा निबन्धको झलक हामी पाउन सक्दैनौं ।

अतः 'पृथ्वीनारायण शाहको' दिव्योपदेशलाई आधार मानेर नेपाली निबन्धको विकासक्रमलाई विभिन्न ३ खण्डमा विभाजन गरेको पाइन्छ । ती यसप्रकार उल्लेख गरिएको छ ।

- प्राथमिक काल/ पृष्ठभूमिकाल (वि.स.१८३१-१९५७)
- माध्यमिक काल (वि.स.१९५८-१९९०)
- आधुनिक काल (वि.स.१९९१ - हालसम्म)

### २.६.१ प्राथमिक काल वा पृष्ठभूमिकाल (वि.स. १८३१-१९५७) :

यस कालमा नेपाली गद्य स्वरुप नदेखीय पनि आख्यान भन्दा फरक खालको आफ्नो छुट्टै फाँटको विस्तार गर्दै विषयगत विविधताको संकेत गरेको भने पक्कै पाइन्छ । त्यसैले भन्न सकिन्छ की ती सामाग्रीहरूले निबन्धको पृष्ठभूमिको काम गरेका छन् । यसका साथै प्राचीन गद्यको श्रृखला पनि गाँसिएको छ त्यसैले प्राथमिककालको थालनी पृथ्वीनारायण शाहको 'दिव्योपदेश' (१८३१) बाट भएको हो । पृथ्वीनारायण शाहको दिव्योपदेश नै यसको प्रमुख जग मान्न सकिन्छ । यस कालको गद्य लेखनमा इतिहास, प्रशासन राजकाज चिकित्सा भाषा धर्म समाज, राजनीति, संस्कार र औपदेशिकतामा आधारित देखिन्छ । राज्य एकिकरणका अभियानमा आफूले भोगेकोक र गरेको कुरालाई व्यक्त गरेर गद्य लेखेको पाइन्छ । 'दिव्योपदेश' पछिका कृतिहरूमा भानुदत्तको 'हितोपदेश' मित्रलाभ (१८३१) शक्ति बल्लभ अर्यालको 'हाँस्य कादम्य' (१८५५) रामभद्र पाण्डेको 'लक्ष्मी धर्मसंवाद (१८५१) वाणी विलास पाण्डेको 'बागमती पुल स्तम्भ अभिलेख' (१८६८), मोतिराम भट्टको 'भानुभक्त आचार्यको जीवन चरित्र' (१९४८) सुन्दरानन्द बाँडाको कीर्तिपुरको विजय (१८८९), चिरञ्जीवि शर्माको 'आफ्नो कथा' (१९५५),

शशिधरको 'बाणोपनिषद् (१८८९) आदि कृतिहरू निबन्ध लेखनको पृष्ठभूमिका रूपमा उल्लेखनीय मानिन्छन् ।

यस समयका गद्यात्मक कृतिहरूले आध्यामिक विषयलाई अङ्गीकार गर्दै निबन्धमा निबन्धात्मक मूल्यका तुलनामा आख्यात्मकताको बढी प्रयोग गरेको पाइन्छ ।

धेरै जसो गद्यरचना अनुवाद रुपान्तरणका रुपमा देखिएकाले विद्यागत स्पष्टता पाइँदैन । आख्यान तत्वको असंयुक्त र अनियन्त्रित प्रयोग, भाषाको अपरिष्कृत रूप, संरचनागत शिथिलता नै यस चरणका प्रमुख प्रवृत्ति हुन् ।

## २.६.२ माध्यमिक काल (१९५८-१९९०)

वि.स. १९५८-१९९० सम्मको समायावधि नेपाली निबन्धको माध्यमिक काल हो । यस कालको मुख्य आधार पत्रपत्रिकाको प्रकाशन रहेको छ । यस चरणमा नेपालभित्र र नेपाल बाहिर प्रकाशित पत्रपत्रिकाहरू गोरखापत्र, १९५८, सुन्दरी १९६३, माधवी १९६५, 'चन्द्र' १९७१ आदिले नेपाली गद्यको विकास प्रचुर मात्रामा भएको पाउँछौं । वि.स. १९५८ मा गोरखापत्रमा प्रकाशित हरिहर आ.दि.को 'गोरखाभाषाको दुर्दशा र विधा' निबन्धले यस कालको सुरुवात गरेको पाउँछौं । 'हरिहर आ.दि.को वस्तुपरक निबन्धले सामयिक समस्या समस्याका कारण र तिनका निराकरणका उपायहरूलाई प्रष्ट पार्न खोजेको पाइन्छ भने राममणि आ.दि. को कविता रीति र मातृभाषाको आवश्यकता निबन्धले समालोचनात्मक र वस्तुपरक लेखन शैलीमा समस्या प्रदान निबन्धको थालनी गरेको पाइन्छ । 'चन्द्रिका' पत्रिकामा प्रकाशित शम्भुप्रसाद ढुङ्गोलको 'महेन्द्र मल्ली' (१९७५) र 'प्रेम' (१९७५) आदिमा मौलिकता, पाश्चात्य, चिन्तनशैली र निजात्मकता भेट्टिन्छ । यस चरणमा प्रकाशित विभिन्न पत्रपत्रिकाले नेपाली जनको उत्थानको लागि जागृति फैलाउने र नैतिक चारित्रिक पक्षमा केन्द्रित रहेको पाइन्छ । यस चरणका प्रमुख निबन्धकारहरूमा पद्मनाथ देवकोटा, वेदनिधि शर्मा,

कृष्ण प्रसाद कोइराला, सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला रूप नारायण सिंह आदि रहेका छन् ।

यस चरणमा लेखिएका निबन्धहरू प्रायः वर्णनात्मक शैलीको प्रयोग आत्मप्रकाशन, दर्शनिक चिन्तनका दृष्टिले र प्रस्तुतीका दृष्टिले अलि कमजोर देखिन्छ । यदाकदा समाज सुधारको संकेत, जातीय गौरव र भाषा प्रेमको अभिव्यक्ति पाइनुका साथै महेन्द्र मल्लीको लेखनले निजात्मक निबन्धको थालनी गर्दै आधुनिकतातिर अग्रसर भएको पाइन्छ ।

## २.६.३ आधुनिक काल १९९१ - हालसम्म :

आधुनिक नेपाली निबन्धको श्री गणेश वि.स.१९९१ मा भएको पाइन्छ । यसकालमा नेपाली मध्यम वर्गीय चेतना बौद्धिकतातिर उन्मुख हुँदै जाँदा राजनैतिक वातावरण जटिल बन्दै गएको परिप्रेक्ष्यमा 'शारदा' (१९९१) पत्रिकाको प्रकाशन भयो र यसलाई नै नेपाली साहित्यको इतिहासमा एउटा युगान्तकारी घटनाको रूपमा लिएको पाईन्छ । वि.स. १९९१ मा शारदा पत्रिकामा प्रकाशित बालकृष्ण समको 'बर्दाहामा शिकार' (१९९१) र लक्ष्मीप्रसाद देवकोटाको 'आषाढ् पन्ध्र' (१९९१) ले आधुनिक नेपाली निबन्धको ढोका उघारेको पाइन्छ । यस कालका पनि विभिन्न चरणहरु रहेका छन् । ती यस प्रकार चर्चा गरिएको छ ।

### २.६.३.१. प्रथम चरण (वि.स. १९९२-२००३) :

वि.स. १९९२-२००३ सम्मको चरणलाई आधुनिक नेपाली निबन्धको प्रथम चरणको रूपमा लिइन्छ । यस चरणका प्रमुख हस्ती अर्थात् निबन्धकार लक्ष्मी-प्रसाद देवकोटा हुन् । 'लक्ष्मी निबन्ध संग्रह (२००२) यिनको प्रमुख निबन्ध संग्रह हो । वि.स. १९९२ मा 'शारदा' पत्रिकामा प्रकाशित लक्ष्मीप्रसाद देवकोटाको 'आषाढ पन्ध्रबाट आधुनिक कालको ढोका उघ्रिएको पाइन्छ । यस निबन्धले पाश्चात्य सिद्धान्तलाई पूर्ण सचेतताका साथ आत्मपरक ढंगबाट अंगाली शैली र विषयवस्तुमा नौलोपन हार्दिकता, प्रवलता बौद्धिकता आदिलाई अंगालेको पाइन्छ ।

यस चरणका निबन्धकारका रूपमा बालकृष्ण सम, प्रेमराज शर्मा, केशवराज पिंडाली, रुपनारायण सिंह आदि पर्दछन भने यसै समयमा प्रकाशित प्रमुख कृतिहरूमा नरेन्द्रमणि आ.दि. को 'संसार एक नाट्यशाला हो' (१९९२), शंकर लामिछानेको 'हाम्रो समाजमा नारीको मूल्य' (२००३) प्रेमराज शर्माको 'पण्डितजीको चिट्ठी' १९९२ लाई लिन सकिन्छ ।

**२.६.३.२ द्वितीय चरण (२००४-२०१६) :**

'युगवाणी' पत्रिका (२००४) को प्रकाशनसँगै हृदयचन्द्र सिंहको 'तीस रुपैयाँको नोट' (२००४) प्रकाशन भएपछि नेपाली निबन्धको दोस्रो चरण प्रारम्भ हुन्छ । विभिन्न किसिमका पत्रपत्रिकाको प्रकाशन र ती पत्रिकामा प्रकाशित निबन्धहरू मार्फत नेपाली निबन्धको विकासमा नौलो आयामको थप भएको पाइन्छ । वि.स. २००७ सालको राजनैतिक परिवर्तन पश्चात स्वतन्त्र वातावरण पाएकोले निबन्ध स्रष्टाहरूले स्वतन्त्र रुपमा निबन्धात्मक अभिव्यक्ति दिन थालेको र यस चरणमा प्रकाशित विभिन्न पत्रपत्रिकाहरू 'युगवाणी' २००४ साहित्य सम्मेलन' (२००४) 'पुरूषार्थ' २००६, 'भारती' २००७, 'प्रभाव' २००७ 'प्रगति' २०१०, 'दियालो' २०१३, नौलो पाइलो' २०१३ ले निबन्धको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । यस चरणका प्रमुख हस्ती हृदयचन्द्र सिंहका रचनाहरूमा प्रगतिवादी चिन्तन, अन्याय, अत्याचार शोषण, दमनको विरोध र सामाजिक विसङ्गती एवं विकृति प्रतिव्यङ्ग्य गरेको पाइन्छ । यस चरणका अन्य निबन्धकारहरूमा बदरीनाथ भट्टराईको 'पच्चिस प्रबन्ध' २००८, श्यामप्रसाद शर्माको 'बहिनीलाई चिठी' २००८, भाग १ र २०१२ मा भाग २) भीमनीधि तिवारीको 'पन्ध्र प्रबन्ध' २००४ बाशुदेव लुँइटेलको भूत छैन' २००६, कमल दीक्षितको 'त्यस्तो पनि' २०१३ र 'कालो अक्षर' २०१७ आदि रहेको पाइन्छ ।

### २.६.३.३ तृतीय चरण (वि.स. २०१७ - हालसम्म)

वि.स. २०१७ मा 'रूपरेखा' पत्रिकाको प्रकाशन सँगै शङ्कर लामिछानेको 'सम्झनाको लयमा विलीन हुँदै' निबन्ध पछि तेस्रो चरणको आरम्भ हुन्छ । शङ्कर लामिछानेले यस चरणमा पाश्चात्य साहित्यको नवीन चिन्तनलाई अंगालेको र अमूर्त लेखनशैली तथा चेतनप्रवाह पद्धतिलाई अंगिकार गरेको कारण तेस्रो चरण प्रारम्भ भएको हो । यिनी पछि हाँस्य व्यङ्ग्यात्मक प्रवृत्तिलाई अंगाल्दै भैरव अर्याल उदाउँछन् । यस चरणका अन्य श्रष्टाहरूमा श्रीधर खनाल, श्याम गोतामे, मोहनराज शर्मा, कृष्णचन्द्र सिंह, तारानाथ शर्मा, रमेश विकल, बालकृष्ण पोखरेल लीलाध्वज थापा, इन्द्र बहादुर राई, कमल दीक्षित, मोदनाथ प्रश्रित, कृष्ण विलास पौडेल, आदि निबन्धकारहरूले नेपाली निबन्धका क्षेत्रमा विशेष योगदान दिदै समाजका समस्याहरू, आर्थिक स्थिति, विकृति विसंगति एवं वस्तुपरक र आत्मपरक निबन्धको विधागत लेखन र विषयवस्तु वा संरचनामा विविधता, नवीनता हाँस्यङ्ग्यात्मकता अर्थात् यात्रा संस्मरण आदि विधाहरूको विस्तार भएको पाइन्छ ।

# परिच्छेद तीन

# पाठ्यक्रम अनुरूपताको आधारमा निर्धारित निबन्धहरूको विश्लेषण

## ३. परिचय

उच्च माध्यामिक तहको पाठ्यक्रममा समावेश गरिएका ऐच्छिक नेपाली विषय अन्तर्गत निबन्ध विधालाई समाविष्ट गरिएको छ । उच्च माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि नेपाली साहित्य, भाषा, र साहित्य परिचय एवं तार्किक एवं बौद्धिक सीप बृद्धिमा विशिष्टीकरणतर्फ अभिमुख गराउनका लागि निबन्ध विधा राखिएको छ । यस परिच्छेदमा पाठ्यक्रमको उद्देश्य अनुरूपताका आधारमा निबन्धको विश्लेषण तथा भाषा शिक्षणका दृष्टिले कक्षा कार्यकलापको प्रयोजन केलाउने प्रयास गरिएको छ ।

## ३.१ पाठ्यक्रमको परिचय

शैक्षिक उद्देश्य निर्धारण गरिसकेपछि निश्चित लक्ष्यसम्म पुग्नका लागि विभिन्न शैक्षणिक क्रियाकलापहरू गर्नुपर्दछ । शैक्षिक उद्देश्य प्राप्तिका निम्ति जुन जुन क्रियाकलापको अनुशरण गरिन्छ, त्यसलाई सुव्यवस्थित पार्ने निर्देशनको नाम नै पाठ्यक्रम हो । शाब्दिक अर्थमा पाठ्यक्रमलाई निर्धारित उद्देश्यसम्म पुऱ्याउन धावक मार्गको रुपमा लिइन्छ । जसरी दौडको मैदानमा धावक निश्चित रेखाबाट दौड सुरु गर्छ र गोरेटोबीच हुँदै अन्तिम रेखासम्म पुग्दछ त्यसै प्रकारले पाठ्यक्रम पनि कुनै एक निर्धारित समयबाट अर्को निर्धारित समयसम्मको सिङ्गो जीवन र कार्यक्रमको प्रतिनिधित्व गर्दछ । विद्यार्थीहरूमा आवश्यकतानुरूप व्यवहारिक परिवर्तन ल्याउनका लागि सिकाइ अनुभवहरू एकत्रित गर्न र त्यसको शिक्षणबाट विद्यार्थीहरूमा आएको परिवर्तनहरूको अङ्कन लेखाजोखा तथा मुल्याङ्कन गर्न तयार पारिने योजना नै पाठ्यक्रम हो । पाठ्यक्रममा विद्यार्थीहरू समावेश

गरिएको हुन्छ । पाठ्यक्रममा विद्यार्थीले कुनै तह पार गरेपछि पूरा गर्नुपर्ने उद्देश्यहरु, त्यसका निम्ति आवश्यक शैक्षिक सामाग्रीहरू, शिक्षणसिकाइ क्रियाकलाप र मूल्याङ्कन एउटा चक्र जस्तै घुमिरहन्छन् ।

समग्रमा भन्नुपर्दा पाठ्यक्रम भनेको सिकाईलाई योजनाबद्ध ढङ्गले अगाडी बढाउन आवश्यक सबै तत्वहरू समावेश भएको लिखित दस्तावेज हो । पाठ्यक्रमका सम्बन्धमा विभिन्न विद्वानहरूको आ-आफ्नै किसिमको मत रहेको पाइन्छ जसमध्ये केही विद्वान्का अभिमतहरू निम्न छन् :

**हिल्डा टावाका अनुसार -** "पाठ्यक्रम सिकाइको एउटा योजना हो ।" (वाग्ले र पौडेल : २०५७:४)

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा उल्लेख भए अनुसार पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो ।'

**सेल्लर एलेक्सजन्डरका अनुसार -** "विद्यालयको भित्री अथवा बाहिरी अवस्थामा अपेक्षित उपलब्ध प्राप्त गर्न गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भनिन्छ ।" (सिंह नागेश्वर : २०६५:४)

**क्रो एन्ड क्रो का अनुसार :** पाठ्यक्रममा सिक्ने व्यक्तिको मानसिक, शारीरिक, सामाजिक, आध्यात्मिक तथा नैतिक विकासमा सहायता हुने विद्यालयभित्र र बाहिरका समस्त अनुभवहरू एक कार्यक्रम अन्तर्गत समावेश हुन्छन् ।" (ढुङ्गेल र दाहाल: २०५७:२)

पाठ्यक्रमको योजनाले वर्तमान समुदायको अध्ययन गरी तिनका जीवनका आवश्यकताहरूलाई समावेश गर्न सक्नुपर्दछ : यसले हाम्रो जीवनलाई सुधार गर्ने नियत राख्नुपर्दछ जसले गर्दा भूतकाल भन्दा भविष्य राम्रो हुनेछ ।" (शर्मा एन्ड शर्मा : २०६१:७)

**डिक्सनेरी अफ एजुकेसनमा उल्लेख भएअनुसार :** पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य विषयवस्तु, प्रक्रिया स्रोत र मूल्याङ्कनका साधन आदि बुझिन्छ । जसलाई विद्यालयभित्र तथा बाहिर कक्षाकोठा शिक्षण तथा सम्बन्धित कार्यक्रमद्वारा पूरा योजनाबद्ध प्रयास हुन्छ ।

**युनेस्कोका अनुसार :** "पाठ्यक्रम विद्यार्थीका सबै अनुभवहरू हुन् जो विद्यालय र शिक्षकद्वारा शिक्षाको उद्देश्य प्राप्तीका लागि योजना र निर्देशित गरिएको हुन्छ ।" (भट्टराइ होमनाथ र धामी केशव सिंह २०६६:४)

**रा.शि.प.यो. २०२८ अनुसार :** "शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भन्दछन्" (वाग्ले डा. मन प्रसाद र ढकाल माधवप्रसाद : २०६३:११०)

निष्कर्षमा माथिका सम्पूर्ण परिभाषाहरूलाई केलाउँदा के भन्न सकिन्छ भने पाठ्यक्रम भन्नु एक त्यस्तो व्यवस्थित योजना हो जसद्वारा सम्पूर्ण शैक्षणिक क्रियाकलापलाई सञ्चालित गरिन्छ र निश्चित उद्देश्य सम्म पुग्नुपर्ने सम्पूर्ण बाटोहरूलाई पहिल्याँदै लगिन्छ पाठ्यक्रम अर्न्तग उद्देश्य, सामाग्री विषयबस्तु शिक्षणसिकाइ क्रियाकलाप तथा मुल्याङ्कनका योजना समाविष्ट हुन्छन् । विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तन तथा अपेक्षित व्यवहार के कसरी पूरा गर्ने भन्ने बारेमा व्यवस्थित योजना बनाउन पाठ्यक्रमको विशेष भूमिका रहन्छ ।

पाठ्यक्रमले उच्च माध्यमिक वा अन्य पनि तहमा अध्ययन गर्ने विद्यार्थीहरूका सम्पूर्ण शैक्षिक अनुभव र आवश्यक ज्ञानलाई समेटेको हुन्छ । कुनै पनि तहको पाठ्यक्रम निर्माण गर्दा पाठ्यक्रमको उद्देश्य तय गर्नुपर्दछ । भाषा पाठ्यक्रम निर्माण गर्दा भाषाका कुन कुन सीप सिकाउने के कस्ता कार्यकलाप गराउने हो भनी सर्वप्रथम उद्देश्यहरूको छनौट गर्नुपर्दछ । भाषाशिक्षणका क्रममा भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ, र लेखाइमा दक्ष बनाउनका लागि विभिन्न विधा पाठ्यपुस्तकमा राखिनु पर्छ ।

उपर्युक्त तथ्यलाई मनन गरी उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपाली विषयको पाठ्यक्रमले पनि भाषिक सीपको विकासका निम्ति विभिन्न उद्देश्यहरु तय गरेको छ । जसमा समष्टिगत उद्देश्य ९ वटा रहेका छन् र त्यसमा पनि साधारण उद्देश्य ४ वटा र विशिष्ट उद्देश्य ५ वटा राखिएको छ । ती मध्ये निबन्ध विधासँग प्रत्यक्ष रूपमा सम्बन्धित उद्देश्यहरूको सङ्ख्या ७ वटा रहेका छन् । जुन यस प्रकार छन् :

(क) नेपाली भाषा र साहित्यको उन्नतिका निम्ति सकारात्मक भावना अभिवृद्धि गर्न,

(ख) साहित्यिक चर्चा परिचर्चा, लेखन कार्यहरुमा सहभागी भई आफ्ना दृष्टिकोणहरू व्यक्त गर्न,

(ग) भाषिक अभिव्यक्तिमा साहित्यिकता, सिर्जनात्मकता र सुन्दरताप्रति अभिप्रेरित हुन् ।

(घ) निर्धारित कथा, उपन्यास र निबन्धहरूको अध्ययनबाट कथा, उपन्यास र निबन्ध लेख्ने क्षमताको विकास गर्न,

(ङ) नेपाली कथा, उपन्यास र निबन्धको विकासक्रमको सामान्य परिचय दिन,

(च) निर्धारित कथा, उपन्यास र निबन्धहरूको समुचित पठन र विवेचना गर्न तथा तिनमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

(छ) निर्धारित कथा, उपन्याय र निबन्धहरूको समुचित पठन र विवेचना गर्न तथा तिनमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न ।

माथिका उद्देश्यहरूलाई नियाल्दा कक्षा ११ को ऐच्छिक नेपालीमा समावेश निबन्धहरूले उद्देश्यहरूलाई पूर्ति गर्न सक्ने देखिन्छ । यस तहमा समावेश निबन्धहरू भिन्न भिन्न पृष्ठभूमिका तथा आत्मपरक, वस्तुपरक तार्किक, व्यङ्ग्यात्मक एवं राष्ट्रिय भावना झल्काउँदै सामाजिक यथार्थता र वर्तमान

परिप्रेक्ष्यको सन्दर्भलाई विषयवस्तुमा समावेश गरेको हुनाले विद्यार्थीहरूलाई निर्दिष्ट उद्देश्यमा पुऱ्याउने माध्यम तथा पुलको काम निबन्धहरूले गर्न सक्षम रहेको देखिन्छ ।

## ३.२ विद्याको क्षेत्र र क्रमअनुसार निर्दिष्ट निबन्धहरूको विश्लेषण

पाठ्यक्रमको उद्देश्य वा विषयवस्तुले समेट्ने सम्पूर्ण ज्ञान, सीप धारणाका पक्षहरू वा क्रियाकलापहरूलाई विषयवस्तुको क्षेत्र भन्ने बुझिन्छ भने विद्यार्थीका लागि पाठ्यक्रमको उद्देश्य बमोजिम छनौट गरिएका विषयवस्तुहरूलाई र शैक्षिक अनुभवहरूलाई एकीकृत गरिने संगठनात्मक स्वरूपलाई क्रम भनिन्छ । क्षेत्र भन्नाले विधामा समावेश हुने पाठहरू कुन कुन स्रोत वा विषयसँग सम्बन्धित छ भन्ने प्रश्नसँग सम्बन्धित अर्थात् विधाले ओगट्ने स्थानलाई बुझिन्छ । त्यसै गरी क्रमले ती विधाहरूको रखाइ वा क्रमिकतालाई बुझाउँछ । कुनै पनि विधाको क्षेत्र निर्धारण गर्दा विविध विषयवस्तुरूलाई समावेश गर्नु उपर्युक्त देखिने हुँदा निबन्ध विधाको क्षेत्र निर्धारण गर्दा पनि एकै किसिमको निबन्धहरू पाठ्यक्रममा राखियो भने पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य पूरा हुन सक्दैन । त्यसकारण विविध क्षेत्रबाट विषयवस्तु संकलन गर्दा पाठ्यक्रम उपयुक्त हुन जान्छ । विषयवस्तु भएर मात्र पनि हुँदैन तिनको क्रमिकताको पनि त्यत्तिकै ध्यान दिनुपर्दछ । पाठ्यक्रमले तोकेका उद्देश्यहरू हासिल गराउनका लागि क्रम मिलाउँदा सरलबाट जटिलतिर उन्मुख गराउनु पर्दछ ।

कक्षा ११ को ऐच्छिक नेपालीमा निबन्धहरूको क्रम आत्मपरक यात्रानुभूति एवं स्वच्छन्दतावादी, आत्मपरक वर्णनात्मक शैलीमा व्यङ्ग्यात्मक, आख्यानात्मक शैलीमा सामाजिक विकृतिप्रति व्यङ्ग्य भावात्मकता एवं तृतीय पुरुष दृष्टिविन्दुमा राष्ट्रिय भाव, वस्तुपरकता र आत्मपरकता, तृतीय पुरुष दृष्टिविन्दुमा वस्तुपरकता एवं व्यङ्ग्यात्मकता आत्म संस्मरणात्मक निजात्मक विवरणात्मक शैलीमा निजी यात्रासंस्मरण तृतीय पुरुष वर्णनात्मक एवं कथात्मक शैली रहेको छ ।

विद्यार्थीहरूको उमेर, रुचि र क्षमतालाई मध्यनजर राखी विभिन्न विषयवस्तुलाई समेटी क्षेत्र तथा क्रमको निर्धारण गरेको पाइन्छ । यी निर्दिष्ट निबन्धहरू सिकारूले अध्ययन गर्दा झन्झट मान्ने खालको नभई कौतूहलता जगाउने, बौद्धिक लेखनतालाई उत्साहित बनाउने र आफै निबन्धको सिर्जना एवं साहित्य सिर्जनातिर लाग्न अभिप्रेरित गर्ने खालका देखिन्छन् ।

## ३.३ छनोट र स्तरणका आधारमा निर्दिष्ट निबन्धहरूको विश्लेषण

पाठ्यक्रम तथा पाठयपुस्तकको निर्माण गर्दा छनौट र स्तरणको पनि ठूलो भूमिका रहेको हुन्छ । पाठ्यक्रमले मागेका विषयवस्तु समावेश भएका विभिन्न निबन्धहरू छनौट गरिसकेपछि ती विभिन्न निबन्धहरूलाई स्तरण गर्नु नितान्त आवश्यक हुन्छ । विद्यार्थीको रुचि, उमेर र आवश्यकता आदिलाई ध्यानमा राखेर विषयवस्तु छान्ने कार्य छनौट हो भने स्तरणले के सिकाउने मात्र होइन कुन श्रृङ्खला तथा पूर्वाधार सम्बन्धमा सिकाउने भन्ने कुराको सङ्केत गर्दछ ।

कक्षा ११ को 'ऐच्छिक नेपाली' पाठ्यपुस्तकलाई नियाल्दा छनौटका दृष्टिले सबै निबन्धहरू उपयुक्त नै देखिन्छन् । स्तरणका क्रममा कक्षा ९, १० सम्म विद्यार्थीको स्तर र उमेरलाई ख्याल गरी चक्रीय स्तरणलाई अवलम्बन गरेको पाइन्छ भने यस कक्षा ११ को पाठ्यपुस्तक खास विषयवस्तुको ज्ञानमा केन्द्रित हुने भएकोले रेखीय स्तरणबाट ज्ञानको गहिराइमा पुग्नको लागि निबन्ध विधाहरू ऐतिहासिक आत्मपरक क्रमअनुसार रेखीय स्तरण गरिएको पाइन्छ । यो स्तर र क्रमअनुसार सुहाउँदो देखिन्छ । यस पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरू आत्मपरक शैलीको क्रम अनुसार क्रमशः आत्मपरक यात्रानुभूति एवं स्वच्छन्दतावादी आत्मपरक वर्णनात्मक शैलीमा व्यङ्ग्यात्मकता, अख्यानात्मकशैलीमा सामाजिक विकृतिप्रति व्यङ्ग्य भावनात्मक एवं तृतीयपुरुष शैलीमा राष्ट्रियभाव, वस्तुपरकता र आत्मपरकता, तृतीय पुरुष दृष्टिविन्दुमा वस्तुपरकता एवं व्यङ्ग्यात्मकता आत्मसंस्मरणात्मक निजात्मक विवरणात्मक

शैलीमा निजी यात्रा संस्मरण, तृतीय पुरुष वर्णनात्मक र कथात्मक शैलीका निबन्धहरू स्तरण गरिएको देखिन्छ । सम्पूर्ण निबन्धहरूको प्रकृतिलाई हेर्दा आत्मपरक शैलीका निबन्धहरूको छनौट बढी देखिन्छ भने अन्य प्रगतिवादी एवं सामाजिक यथार्थतालाई समावेश गरेका निबन्धहरू र वर्तमान परिप्रेक्षका समय सापेक्षका वैज्ञानिक चिन्तन भएका निबन्धहरू छनौट गर्न आवश्यक भएको देखिन्छ ।

## ३.४ अङ्क र समय विभाजन

कुनै पनि भाषापाठ्यक्रममा विविध विधाहरू समावेश गरिएको हुन्छ । जसमध्ये कुन विधालाई कति अङ्क दिने र कूल अङ्कको कति प्रतिशत अङ्क विधागत रूपमा दिने भन्ने कुरा उल्लेख हुनुपर्दछ । कक्षा ११ को ऐच्छिक नेपाली विषयमा समेटिएका विधा, पूर्णाङ्क र पाठ्यभार निम्न तालिकामा देखाउन सकिन्छ ।

| एकाइ | खण्ड | शीर्षक | पूर्णाङ्क | पाठ्यभार |
|---|---|---|---|---|
| पहिलो | क | नेपाली कथा | ३० | ४५ |
| दोस्रो | ख | नेपाली उपन्यास | २० | ३० |
| तेस्रो | ग | नेपाली निबन्ध | २० | ३० |
| चौथो | घ | नेपाली भाषा | २० | ३० |
| पाँचौ | ङ | साहित्य परिचय | १० | १५ |

कक्षा ११ को ऐच्छिक नेपाली विषयमा समावेश भएका विभिन्न विधाहरू मध्ये निबन्ध विधाको पूर्णाङ्क २० र पाठ्यभार ३० गरी छुट्याइएको छ । माध्यमिक तहसम्मको नेपालीको मुख्य उद्देश्य भनेको भाषाका सीपहरूको विकासमा जोड दिनु रहेको हुन्छ भने उच्च माध्यमिकतिर फड्के मार्दा भाषिक सीपमा मात्र

सीमित नरही विषयवस्तुको ज्ञानतिर उन्मुख हुनुपर्दछ । यसरी भाषिक सीपबाट विषयवस्तुको ज्ञानतिर लम्कँदा तुलनात्मक रूपमा सजिलो विधाबाट प्रवेश गर्नु उचित मानिन्छ । यस कुरालाई मध्यनजर गरी निबन्धलाई २० अंक र ३० पाठ्यभार छुट्टयाइएको छ । यो विद्यार्थीको सीपगत क्रम र रुचिलाई पनि हेर्दा सान्दर्भिक तथा उचित मान्न सकिन्छ ।

## ३.५ निबन्ध शिक्षणको महत्व र प्रयोजन :

भाषाशिक्षण गर्नुको प्रमुख प्रयोजन भाषिक सीपको विकास र अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नु हो । यसका लागि भाषा पाठ्यपुस्तकमा कथा, कविता जीवनी, नाटक, निबन्ध, उपन्यास जस्ता विधाहरूलाई समावेश गरिएको हुन्छ यी विविध विधाहरूमध्ये निबन्धलाई तल्लो कक्षादेखि उच्च तहसम्म नै प्रमुख विधाको रूपमा छनौट गरिएको छ । भाषाशिक्षणको दृष्टिले निबन्ध विधालाई प्राचीन, लोकप्रिय, तार्किक एवं बौद्धिक सरल र श्रृजनात्मक विधाको रुपमा मानिन्छ । कुनै पनि साहित्य विधाप्रति पाठकवर्ग आकर्षित हुनाको प्रमुख कारण साहित्यले मानव हृदयलाई आनन्दानुभूति र तार्किक गराउँछ । त्यसैले यस विधालाई महत्वपूर्ण विधाको रुपमा मानिन्छ ।

नेपाली भाषा र साहित्यको उन्नतिका निम्ति विद्यार्थीहरूमा सकारात्मक भावनाको विकास गर्न एवं तार्किक क्षमताको विकास गर्न, शब्दभण्डार वृद्धि गर्न र सृजनात्मक सीप वृद्धि गर्न निबन्ध शिक्षणले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ विशेष गरेर उच्च माध्यमिक तहमा निबन्ध विधाको छनौट गर्नुको उद्देश्य विद्यार्थीहरूलाई साहित्यिक चर्चा परिचर्चा तथा लेखन कार्यहरूमा सहभागी गराइ आफ्ना दृष्टिकोणहरू व्यक्त गर्न लगाउनु, भाषिक अभिव्यक्तिमा साहित्यिकता, सिर्जनात्मकता तार्किकता र सुन्दरताप्रति अभिप्रेरित गराउनु आदि रहेको हुँदा निबन्ध शिक्षण गराउनु अत्यन्त महत्वपूर्ण रहेको देखिन्छ । निबन्धले मानिसलाई बौद्धिक ज्ञान दिनुको साथै आनन्दानूभूति गराउने, तार्किक लेखन शैलीको विकास

गर्ने, शब्द भण्डार वृद्धि गर्ने र निबन्ध शिक्षणद्वारा विद्यार्थीको लेखन शैलीमा शुद्धता, सरलता, परिपक्कता एवं कुनै पनि विषयलाई गम्भिरताका साथ तर्कदिन सहयोग गर्ने भाषिक शुद्धतामा विशेष सहयोग पुग्दछ । यसका साथै निबन्ध कुनै पनि समाजको अवस्थाको प्रतिविम्ब भएकोले समाजको सकरात्मक एवं नकरात्मक पक्षलाई नियाल्ने दर्पणको काम गर्नमा यसको ज्यादै ठूलो भूमिका रहेको हुन्छ ।

भाषा शिक्षणका लागि निबन्धलाई निकै उपयोगी बनाउन सकिन्छ घटना/विषयवस्तु, बौद्धिक चिन्तन, भावतत्व र प्रस्तुतीपक्ष निबन्धको मूल विशेषता हो र उक्त कुराले गर्दा निबन्धको विषयवस्तु पक्डन तथा बुझ्न विद्यार्थीहरूलाई सहज हुन्छ । फेरी शैक्षणिक दृष्टिले प्रस्तावित निबन्धहरू जीवन्त वा रोचक विषयवस्तुसँग सम्बन्धित हुन्छन् र यिनको गुम्फन तथा प्रस्तुतीकरण शिल्पले पनि शिक्षार्थीका लागि निबन्ध ग्राह्‍य बन्न पुग्छ । विषयवस्तुका दृष्टिले जटिलता हुनु, वर्णनात्मक शैली हुनु, आत्मपरक शैली हुनु, कथ्य एवं साहित्यिक प्रभाव, सरल वाक्यगठन तथा शब्द प्रयोग हुनु आदि कुरा अन्य गद्य विधाको अपेक्षा निबन्धमा फेला पर्छ । त्यसैले निबन्ध सामान्य पठनबोध क्षमताको विकास देखि लिएर तार्किक, बौद्धिक क्षमताको बृद्धि गर्न र विभिन्न विषयक्षेत्रका शब्द भण्डारको विकासका लागि पनि निकै उपयोगी हुने देखिन्छ । यसका साथै उखान टुक्काको विकास गर्न, उखान टुक्का र वाक्यांशको ज्ञान तथा प्रयोग गर्ने सुझको विकास गर्न र भाषिक सीपमा खिरिलोपन ल्याउन निबन्ध महत्वपूर्ण देखिन्छ । त्यसैगरी कुनै पनि भाषाको शिक्षणमा निबन्ध विधाले शब्दभण्डार वाक्यगठन, भावाभिव्यक्ति जस्ता सीपमा सहयोग पुऱ्याएको हुन्छ ।

## निष्कर्ष

शिक्षाका सम्पूर्ण उद्देश्यहरूलाई पूरा गर्नका निमित्त निर्माण गरिएको एक व्यवस्थित शैक्षिक योजना नै पाठ्यक्रम हो । पाठ्यक्रमले विभिन्न तह तथा विषयका लागि विभिन्न किसिमका उद्देश्यहरू निर्धारण गरेको हुन्छ । उच्च मा.वि. तह कक्षा ११ को ऐच्छिक नेपाली विषयको पाठ्यक्रमले भाषिक सीपको विकासका निम्ति विभिन्न उद्देश्यहरू तय गरेको छ । जसमा ९ वटा समष्टिगत उद्देश्य रहेका छन् र त्यसमा साधारण उद्देश्य ४ वटा र विशिष्ट उद्देश्य ५ वटा छन् । निबन्ध विधासँग प्रत्यक्ष सम्बन्धित उद्देश्यहरूको संख्या ७ वटा रहेका छन् ।

कक्षा ११ को ऐच्छिक नेपाली विषयको पाठ्य पुस्तकमा समावेश गरिएका निबन्धहरूलाई उपर्युक्त सन्तुलन मिलाई तिनको क्षेत्रगत आधारमा समायोजन भएको पाइन्छ । क्रमिकताको दृष्टिले पनि उपर्युक्त नै देखिन्छ । यस पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरू विभिन्न क्षेत्रबाट छनौट गरिएको छ र यसमा केही राजनैतिक निबन्धहरू एवम् वर्तमान समय सापेक्षका निबन्धहरू छनौट गर्नु उपर्युक्त देखिन्छ ।

यस पाठ्यपुस्तकमा समेटिएका विधा, पूर्णाङ्क र पाठ्यभार मध्ये निबन्ध विधाको लागि पूणार्ङ्क २० र पाठ्यभार ३० निर्धारण गरिएको छ, जुन उपर्युक्त देखिन्छ । भाषिक सीपको विकास र साहित्यको उन्नतिको दृष्टिले यी निबन्धहरूको छनोट प्रभावकारी देखिन्छ ।

# परिच्छेद चार

# संरचनागत आधारमा निर्धारित निबन्धहरूको विश्लेषण

## ४. परिचय

निबन्धको संरचनामा विषयवस्तु विचार र बौद्धिक पक्ष, भावपक्ष र प्रस्तुति पक्षको श्रृङ्खलाबद्ध उपस्थिति रहेको हुन्छ । निवन्धको विषय वस्तुसँग बौद्धिक पक्ष र भावपक्षको गहिरो सम्बन्ध रहेको हुन्छ । निवन्धमा अन्तर्निहित विषयवस्तुलाई योजनाबद्ध ढाँचामा डोऱ्याउने काम प्रस्तुती पक्षले गरेको हुन्छ ।

निबन्धको आरम्भमा विषयवस्तु रहेको हुन्छ । यसले कुन विषयवस्तुलाई आफ्नो निबन्धको विषय बनाउने भन्ने कुराको संकेत गर्दै समाजका विविध पक्षलाई समेट्ने प्रयत्न गर्दछ र निबन्धको विषयवस्तुलाई कसरी श्रोता समक्ष पुऱ्याउने भन्ने कुरा प्रस्तुती पक्षले समेटेको हुन्छ । निबन्ध आत्मपरक शैली र वस्तुपरक शैली दुवै ढंगले लेख्न सकिने हुँदा कतै वर्णनात्मक शैलीमा त कतै अन्य शैलीमा प्रकृति चित्रण गर्दै विषयवस्तु शुरु गरिन्छ । यसरी निबन्धको विषयवस्तु पस्किने क्रममा बौद्धिक तत्व वा विचार तत्वलाई अत्यन्तै गम्भिरताको साथ चिन्तन मनन् गरेर बौद्धिक पक्षको प्रयोग गर्नुपर्दछ । विषयवस्तु अनुकूलको अक्कल निकालेर बडो बुद्धिमानीको साथ निबन्धलाई अघि बढाइएको हुन्छ ।

निबन्धको दोस्रो भागमा बौद्धिक पक्षको प्रयोग गरिएको हुन्छ, जसले विषयवस्तु अनुकूल, समाजसापेक्ष त्यसका अति आवश्यक कुराहरूलाई संकेत गरेको हुन्छ । निबन्धका बारेमा बैज्ञानिक दृष्टिकोणहरू प्रस्तुत गरिएको हुन्छ र निबन्धलाई खिरिलो पार्ने काम गरिएको हुन्छ । त्यसैमा भावपक्षलाई संकेत गरिएको हुन्छ ।

त्यसैगरी तेस्रो पक्ष निबन्धको प्रस्तुती पक्ष हो । त्यसमा निबन्धको विषयवस्तु हेरिकन त्यसलाई सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको हुन्छ । निबन्धको शैली साहित्यिक हुनुको साथै सरल हुनु अति आवश्यक मानिन्छ ।

अतः यस उपशीर्षक अन्र्तगत कक्षा ११ को ऐच्छिक नेपालीमा प्रयुक्त निबन्ध विधाहरूको प्रकृति र उद्देश्यगत संरचनालाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ४.१ पहाडी जीवन :

लक्ष्मीप्रसाद देवकोटा एक स्वच्छन्दतावादी निबन्धकार हुन् । आधुनिक नेपाली निबन्धको श्रीगणेश गर्ने देवकोटाले वि.स. १९९७ मा पहाडी जीवन निबन्ध प्रकाशित गरेका हुन् । यसपछि वि.स. २००२ मा लक्ष्मी निबन्ध संग्रहमा संग्रहित गरिएको यस निबन्धमा प्रकृतिको सरल पक्षको चित्रण गर्दै काठमाण्डौं देखि उत्तर तर्फ अवस्थित 'गोसाँई' स्थान र फिल्टुङको यात्रानुभूतिलाई समेटिएको छ । आत्मपरक शैलीलाई अँगालिएको यस निबन्धमा आजको यान्त्रिक सभ्यताको विरोध र पूर्वीय आर्य सभ्यताप्रति आकर्षण देखाउन खोजिएको एवम् प्राकृतिक पहाडी जीवनको प्रशंसा गर्दै पहाडी जीवन र त्यहाँका बासिन्दाहरूको प्रशंसा गर्दै आफ्नो सम्पूर्ण हार्दिक भावना पोखिएको छ । पहाडी तथा गाउँले जीवनमा पाइने मानवीय मूल्यप्रति निबन्धकारको पूर्ण सहमति देखाइएको निबन्धमा निबन्धकारको कुटि सभ्यता अपनाउने स्वच्छन्दतावादी प्रवृत्ति व्यक्त गरिएको छ ।

यस निबन्धको विचार तत्व र बुद्धितत्वमा प्रकृतिको पाठ सिकेर अन्न उत्पादन गर्नु, आफ्नो अतीतको गरिमाको दाँजोमा कथित सहरी सभ्यताको विरोध गर्नु, गाउँबाट पलायन हुने बुद्धिजीवीहरूको प्रवृत्तिप्रति चिन्ता, समाज सुधारको चाहना र निबन्धकारको आफ्नै सहरको बासप्रतिको वितृष्णालाई निबन्धले सुन्दर रूपमा प्रकट गरेको पाइन्छ ।

यस निबन्धको प्रस्तुति पक्षमा निबन्धकारको निजी हृदय पाठकको हृदयसित एकाकार भई द्रवित हुन पुगेको, हृदय र भावनाको मिश्रणले भाषा तरल बनेको यो निबन्ध निबन्धकार देवकोटाको स्वच्छन्दतावादी शैली हो । भावनाको स्वविवेकी उडान हुनाले भाषामा तर्कद्वारा पुष्टि गर्ने चेष्टा पाइदैन । निबन्धको प्रारम्भमा नै यात्रानुभूतिको वर्णन हुनाले बाह्याभिमुखी बनेको संस्मरणात्मक शैली ज्यादै आकर्षक छ । बैदर्भी रीति तथा प्रसाद र माधुर्य गुणको आधिक्यले यस निबन्धको प्रस्तुति उच्च काव्यात्मक हुन पुगेको देखिन्छ । भाषालाई अभिव्यक्तिको बन्धन नमान्ने देवकोटाले कुकुलढुक, बोक्सीरङहरू, तुरही हुनु जस्ता शब्द प्रयोग गरेर आफ्नो कुशलता प्रकट गरिएको छ ।

सरल हृदयमा मानवीयता बढी मौलाउँछ, देश विकास गर्न आफ्नो परिवेश सापेक्ष मौलिक चिन्तन आवश्यक हुन्छ, आफ्नो सांस्कृतिक महिमा नै आफूलाई उन्नत बनाउने आधार हो, पढेर गाउँ नफर्कनु, कृतध्यता हो भन्ने सन्देश दिई पहाडी जीवनप्रति देवकोटाको आकर्षण देखाउनु यस निबन्धको उद्देश्य हो ।

**तालिका नं. १**

**पहाडी जीवन निबन्ध**

| क्र.सं. | वस्तुतत्व | विचार वा बुद्धित्व | प्रस्तुती |
|---|---|---|---|
| १. | प्रकृतिको सरल पक्षको चित्रण | प्रकृतिको पाठ सिकेर अन्न उत्पादन गर्नु सहरी सभ्यताको विरोध गर्नु | स्वच्छन्दता बादी-शैलीमा भाव प्रकट गर्नु |
| २. | गोसाँईस्थान र भिल्टुङ्गको यात्रानुभूति देखाउनु | पलायनवादी बुद्धिजीवीहरूको प्रवृत्तिप्रति चिन्ता | बैदर्मी रीति तथा प्रसाद र माधुर्य गुणको प्रयोग हुनु |

| | | | |
|---|---|---|---|
| ३. | पहाडी जीवनमा रहेको गरिवी र पछौटेपनलाई शिक्षित समाजले हटाउनु पर्ने | समाज सुधारको चाहना | कुकुलढुक, बोक्सी रङ्गहरू, ठिमीले यात्रा, तुरही हुनु जस्ता शब्दको प्रयोग |
| ४. | | सहरिया कृत्रिमता प्रति वितृष्णा | |

## ४.२ जुँगा :

आधुनिक नेपाली निबन्धको विकास यात्रामा निबन्धकार देवकोटापछिका सशक्त निबन्धकार व्यक्तित्वका रूपमा देखिएका हृदय चन्द्रसिंह प्रधान प्रगतिवादी विचार र सुधारवादी चेतनाको विगुल फुक्ने निबन्धकार हुन् । यिनका निबन्धमा शैलीमा सरलपन, भनाइमा स्पष्टता, छरितोपन, विचारको केन्द्रियता पाइनुको साथै समाजमा विद्यमान विकृति, विसंगति, शोषणवृत्ति, अन्याय अत्याचारको विरोध गर्दै समाजमा लैङ्गिक समानता हुनुपर्ने कुरामा जोड दिएको पाइन्छ । प्रस्तुत जुँगा निबन्धमा पनि निबन्धकार सिंहले समाजमा विद्यमान जुँगे प्रवृत्तिको विरोध गर्दै समाजमा नारी र पुरुषबीच समानता ल्याउनका लागि पुरुषहरूको जुँगे प्रवृत्तिलाई सफाचट गरी लैंगिक समानता ल्याउनुपर्छ भन्ने कुरालाई समावेश गरिएको छ ।

उक्त निबन्धको वस्तुतत्व अर्न्तगत निबन्धकारको निजी अनुभूति, ईर्ष्याले जुँगा पाल्न पिताजीबाट प्रेरित, जुँगामा मर्दपन हुन्छ भन्ने ठान्नु, सानै उमेरदेखि जुँगाको चाहाना गर्नु, नराम्रा मुठे जुँगा आउनु, श्रीमतिले काट्न अनुरोध गर्दा पिताको अनुमति लिनुपर्ने कुरा व्यक्त गर्नु, जुँगा प्रतिको मनोविज्ञानमा परिवर्तन, जुँगा हुनु कठोरता, असभ्यता, जुँगा काट्नुले शान्ति सभ्यता देवत्व, सुशीलता

प्राप्त गर्नु र जुँगा बुढ्यौली पनको संकेत हुनाले काटेर दीघायु पाउने आत्म विश्वास आदि पक्षलाई समेटिएको छ ।

यस निबन्धको विचार वा बुद्धितत्व अर्न्तगत वाल्यकालीन समयको कुरा याद गर्नु, जुँगामा पितृभक्ति हुने कुरामा अन्धविश्वास देख्नु, ऐना हेरेर वास्तविकता बोध हुनु, शास्त्रीय एवं मनोवैज्ञानिक अध्ययनमा जुँगाको सार्थकता नपाउनु, ऐना हेरेर आत्मदर्शन र आत्मशुद्धि भई शिष्ट सभ्य बन्नु, जस्ता पक्षहरू पर्छन भने यस निबन्धको प्रस्तुति पक्षमा आत्मपरकता एवं प्रथमपुरुष शैली अंगालिएको छ । सरल र मिश्र वाक्यहरूको सन्तुलित प्रयोग, निजी अनुभवलाई पारिवारिक वातावरणमा सरल भाषामा प्रस्तुत गरिएको र टुक्काहरूको प्रयोग गरिएको यस निबन्धमा निबन्धकारले सुरुमा पुरुषार्थको गर्व गर्ने मुठेजुँगा पालेर हैकम जमाउने प्रवृत्तिलाई देखाउन खोजेका छन् भने अन्त्यमा जुँगे प्रवृत्ति सामान्ती प्रवृत्ति हो भन्दै जुँगा काटेर समाजमा समानता ल्याउनका लागि आत्मशुद्धी भएको देखाइएको छ ।

**तालिका नं. २**

**जुँगा निबन्ध**

| क्र.सं. | वस्तुतत्व | बुद्धितत्व | प्रस्तुतीपक्ष |
|---|---|---|---|
| १. | वाल्यकालमा पिताजीले चुम्बन गर्दा जुँगाले घोचेको र प्रतिशोध स्वरुप जुँगा पाल्ने चाहना बढ्नु | बाल्यकालिन स्मरणलाई दिगो बनाउनु | मझौला प्रकृतिको निबन्ध मानिनु |
| २. | जुँगामा मर्दपन हुन्छ, समाज, घर, श्रीमतिलाई | जुँगा देखेर सबै डराउँछन् भन्ने कुरा ऐना हेरेर | आत्मपरक शैली अंगालिएको यो |

| | | | |
|---|---|---|---|
| | हैकम चलाउन खोज्नु | थाहा पाउनु | निबन्धमा जम्मा जम्मी २३ अनुच्छेद समावेश हुनु । |
| ३. | जुङ्गाको कारण मनमा घमण्डीपन बढ्नु र अशान्ती फैलनु | जुँगामा पितृभक्ति नहुने र यो कुनै शास्त्रीय एवं मनोवैज्ञानिक कुरामा सार्थकता नदेख्नु | सरल भाषाशैली हाँस्यव्यग्यात्मक एवं वर्णनात्मक शैली अपनाउँदै प्रथमपुरुष दृष्टिविन्दुमा लेखिएको |
| ४. | जुङ्गा काट्न पिताको अनुमति चाहिनु, जुँगा काटेपछि शान्तीको आभाष गर्नु | जुँगा काट्दा जोइटिङग्रे नहुनु र जुगा काट्दा ऐना हेरेर आत्मशुद्धि भई सव्य बन्नु | पस्न, घस्न, प्रगति प्रवृत्ति कु र सु जस्ता शब्दको प्रयोग । |

## ४.३ खै.खै. निबन्ध :

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउन सिपालु निबन्धकार केशवराज पिंडालीले हाम्रो समाजमा विद्यमान मागेर काम चलाउने समाजिक विकृति प्रति सभ्य र शिष्ट ढंगबाट भ्कोटिलो व्यङ्ग्य प्रहार गर्दै लेखिएको यो निबन्ध हाँस्य व्यङ्ग्यात्मक निबन्ध हो । संरचनात्मक दृष्टिले मभ्कौला प्रकृतिको देखिने यो निबन्ध २० अनुच्छेदमा संरचित छ । निबन्धकारको निजत्वको प्रस्तुती रहेको यस निबन्धमा खै.खै.रुपी मगन्ते प्रवृत्तिले मान्छेलाई पराश्रित बनाउँछ भन्दै

अर्काको भरमा पर्ने परनिर्भरहरूप्रति लक्ष्य गर्दै समस्त नेपालीहरूको चरित्रलाई सजीवताको साथ उतारिएको छ ।

यस निबन्धको वस्तुतत्वमा निबन्धकारको निजत्वको प्रस्तुती रहेको छ । आफ्नो चुरोटको तलतल मेटाउन सल्काएको चुरोट एकसर्को तान्न नपाउनु, सलाई नबोकी अरूले सल्काएको चुरोटमा चुरोट सल्काएर काम चलाउनेहरूको समस्याले निबन्धकार अतालिएका छन् भने यस निबन्धको विचार वा बुद्धित्व अर्न्तगत निबन्धकारले विभिन्न किसिमका चुरोटको प्रसङ्ग जोड्नु राष्ट्रिय अर्थतन्त्रको प्रशंग जोड्नु रेनजर्स चिट्ठाको प्रसङ्ग र निबन्धकारको मनमा विभिन्न तर्कना उत्पन्न हुनु बौद्धिक पक्षको सन्दर्भ हो । त्यस्तै यो निबन्ध निबन्धकारको निजत्वसँग गाँसिएको हुँदा प्रथम पुरुष शैली र आत्मपरकशैलिमा लेखिएको छ । भाषामा सरलपन, आलङ्कारिक शैली, उखान टुक्काको प्रयोग अनुकरणात्मक शब्दको प्रयोग गरिएको यस निबन्धमा नेपाली समाजमा देखिने परनिर्भर प्रवृत्ति, नेपाली अर्थतन्त्रको फितलोपन प्रस्तुत गर्नु, भ्रष्टचार र अव्यवस्था प्रति सङ्केत गर्दै प्रजातन्त्रका नाउँमा भएको विकृति र राजनीतिक नेताहरूको स्तरहीनतालाई व्यङग्यात्मक शैलीका माध्यमबाट प्रष्ट पार्दै समाज सुधारका निम्ति खै.खै रुपी मगन्ते प्रवृत्तिलाई हटाउनु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

**तालिका नं. ३**

**खै.खै. निबन्ध**

| क.सं. | वस्तुतत्व | बुद्धितत्व | प्रस्तुती पक्ष |
|---|---|---|---|
| १. | निबन्धकारको निजत्वको प्रस्तुति रहेको | विभिन्न किसिमका चुरोटका गुण र महत्व सम्बन्धी जानकारी दिनु | प्रथम पुरुष शैली र आत्मपरकता । |

| | | | |
|---|---|---|---|
| २. | म पात्रको चुरोट पिउने गरेको प्रसङ्ग र चुरोट पिउने क्रममा खैखै भनेर भन्नेहरूबाट सताइनु | राष्ट्रिय अर्थतन्त्र, व्यापार र राजनीति आदिबाट प्रभावित देखिनु | निबन्धकारको निजी अनुभव तथा सामाजिक परिवेश प्रस्तुति, खै.खै माग्ने पात्रहरु, बनस्पती नेता, सडकमा जम्का-भेट हुने मानिसहरू आदि । |
| ३. | आफ्नो चुरोटको धित मर्न नपाउनुले निबन्धकार आक्रोशित हुनु, केही बोल्न नसक्नु | निबन्धकारको मनमा विभिन्न मानसिक ढुँडलो मच्चिनु | उखान टुक्काको प्रयोग जस्तै : गहतको झोलमा जात फाल्ने, मागी मागी छोराको विहे |
| ४. | मागेर काम चलाउनेहरूको समस्याले पिरोलिनु | रेन्जर्स चिट्ठाको प्रसङ्ग जोड्नु आदि । | आलङ्कारिक शैली जस्तै रन्कदै रन्कन्न, रनकेपछि थन्कदै थन्कन्न । |

## ४.४ सगरमाथामा तेन्जिङ निबन्ध :

नेपाली निबन्धको आधुनिक कालको दोस्रो चरणमा देखिएका निबन्धकार रामकृष्ण शर्मा राष्ट्रियचेत भएका निबन्धकार हुन् । यस निबन्धमा पनि निबन्धकार शर्माले राष्ट्रिय भावलाई समेट्दै विश्वको सर्वोच्च शिखर सगरमाथामा

पाइला टेकी नेपाली झण्डा र्फफराउने वीर सुपुत्र नेपाली नै हुन् भन्ने प्रसङ्गलाई भाबुकताका साथ छर्लङ्ग पारेका छन् ।

संरचनातमक दृष्टिले मझौला आकृतिको देखिने यो निबन्धमा लामा छोटा गरी १० वटा अनुच्छेद समावेश गरिएको छ । यस निबन्धको वस्तुतत्वमा सगरमाथामा प्रथम पटक आरोहण गर्ने तेन्जिङ्गको वीरतासँग सम्बन्धित भएर निबन्धकारले राष्ट्रभक्तिको भावावेगमा रचना गरेको यो निबन्धमा विश्वको लागि चुनौतिपूर्ण विषय बनेको समयमा तेन्जिङको सगरमाथाको सफलताले नेपालीहरूलाई गौरवान्वित बनाएको र सगरमाथामा नेपाली झण्डा फहराउनु वीर तेनिजङको गौरवमय जीवनको कीर्तिपतकालाई उच्च सम्मानसाथ व्यक्त गरेको पाइन्छ ।

यस निबन्धमा अनेक विदेशी पर्वतारोहीहरूद्वारा विभिन्न प्रयास गरिएतापनि नेपाली नै सगरमाथा शिखरमा पुग्न किन सफल भए भन्ने तर्कपूर्ण जवाफ दिएको पाइन्छ । सगरमाथाले सर्वप्रथम आफ्नो शीरमा विदेशीको पैताला राख्न नरूचाउको प्रसङ्ग उल्लेख गर्दै नेपाल आमाको सुपुत्र तेन्जिङलाई हातले समाएर शिरमा राखेको प्रसङ्गलाई निबन्धकारले भावुक शैलीमा बडो बुद्धिमानीतर्क दिंदै प्रस्तुत गरेका छन् ।

यस निबन्धको विचार वा बुद्धितत्वमा हिमालको पौराणिक प्रसङ्ग हनुमानले सुर्य पक्रने उदाहरण तिब्बतीहरूले राखेको नाम आदिलाई समावेश गरेका छन् भने प्रस्तुती पक्षमा कवितामय आलङ्कारिक भाषा, दृष्टान्त र उदाहरणद्वारा पुष्टि पारिएको यो निबन्धमा सगरमाथाको आरोहणपछि तेन्जिङमा देखिएको बैचारिक परिवर्तनले निबन्धकार अत्यन्त मार्मिक बन्दै उनि जहाँ गएपनि जुन भाषा बोलेपनि, जुन पहिरन लगाएपनि नेपाली नै हुन् र उनको साहसिक यात्राले सगरमाथामा पाइला टेकेर बलिदानको सगरमाथा ठड्याउने शेर्पाबाट भावी सन्ततीहरूले पुर्खाको पाइला र वीरताले कोरिएको सीमा रेखाहरूलाई आत्मसाथ

गर्नुपर्ने कुरालाई लक्षित गर्दै तेन्जिङ्ग प्रति श्रद्धाभाव व्यक्त गर्दै विश्वविजयको महायात्रामा नेपाली जातिको सहभागितालाई साङ्केतिक रूपमा व्यक्त गरेको भेट्टिन्छ ।

**तालिका नं. ४**

**सगरमाथामा तेन्जिङ**

| क्र.सं. | वस्तुतत्व | बुद्धितत्व वा विचार तत्व | प्रस्तुती पक्ष |
|---|---|---|---|
| १. | सगरमाथाको नामाकरण झ्यामोलोङ्मा राख्नु, नेपाली व्यक्तिको आत्मिय सम्बन्ध पौराणिक र आध्यातिमक सन्दर्भ | हिमालको पौराणिक प्रसङ्ग हनुमानले सुर्य पक्रने उदाहरण | भावात्मकता |
| २. | विदेशीहरूको नेतृत्वमा सगरमाथा आरोहणमा असफलता र त्यसको कारण | राणा प्रतापको बहादुरीको ऐतिहासिक प्रसङ्ग | विचार तर्क र बौद्धिकतामा तरलता |
| ३. | विदेशीलाई विश्वको टाउकोमा पुऱ्याउन मद्दत गरेकाले धेरै शेर्पाहरु पनि मर्नु | तिब्बतीहरूले राखेको नाम | कवितामय आलङ्कारिक भाषा जस्तै : जाऊ तिमी वीर, जहाँ चाहान्छौं जाऊ । तर नभुले क्वचिदपि कुमाता |

| | | | |
|---|---|---|---|
| | | | न भवतिः |
| ४. | तेन्जिङ स्वय आफै सगरमाथा चढ्ने अठोट सफल हुनु, हिलारीलाई सफलता मिल्नु अतिथिलाई सत्कार स्वरुप लिनु | सुगौली सन्धिपूर्व नेपाल सिमानको प्रसङ्ग | दृष्टान्तर उदाहरणद्वारा पुष्टि जस्तै : हाम्रा सन्तान बढ्लान नवनव युगमा बीरका गीत गाई, हामीलाई पुकार्लान तब पनि नभमा यै ध्वजा फर्फराई |

## ४.५ औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा :

नेपाली साहित्यको आधुनिक काल वा विकासकालको प्रथम चरणमा देखा परेका निबन्धकार लामिछाने परम्परागत लेखन शैलीसँग असहमति प्रकट गर्ने चेतनप्रवाह शैलीले निबन्धलाई अमूर्त बनाउने निबन्धकार देवकोटा पछिका सफल निबन्धकार मानिन्छन् । यस निबन्धमा निबन्धकारले जीवन र जीवनसंग सम्बन्धित अनुभूतिलाई गम्भीर भएर प्रस्तुत गरेको पाइन्छ । आत्मपरक अभिव्यक्ति दिइएको यस निबन्धमा वस्तुपरकता र आत्मपरकताको मिश्रणले शैलीमा आर्कषण र रोचकता थप्दै जीवनका साना भन्दा साना घटनाहरूको बारेमा गम्भीर हुनुपर्ने, देख्न बुझ्न र चिन्न सके नगन्य घटना वा विषयले पनि जीवनलाई ठूलो प्रभाव पार्छ भन्ने कुरालाई संकेत गरेको पाइन्छ ।

संरचनात्मक दृष्टिले मझौला आकारको देखिने यस निबन्धमा वस्तुतत्व अर्न्तगत विभिन्न पात्रपात्राहरूलाई समावेश गराएको पाइन्छ । यस निबन्धमा प्रयुक्त काल्पनिक पात्रहरू वास्तविक जीवनको सेरोफेरोमा भेट्टाएपछि निबन्धकारले अत्यन्तै बौद्धिकतापूर्ण ढंगबाट चिन्तन व्यक्त गर्दै माग्ने आइमाई र केटाको

माध्यमबाट आर्थिक दुरावस्था तथा पाँचपैसे ढ्याक फ्याँकेर पुण्य कमाउन खोज्ने मानिसहरू प्रतिको धारणा, दानको महिमा र अवमूल्यन गर्नेहरू पनि समाजमा छन् भन्दै समाज सेवाको गहन जिम्मेवारीलाई दान गरेर टिमोल्ने प्रवृत्ति बढ्दो छ र यो प्रवृत्तिलाई हटाउन सकिएन भने मानवीय अस्थित्व खतरामा पर्ने छ त्यसका लागि सम्पूर्ण मानवले पुरानो सोचाइलाई हटाएर नवीन चिन्तनका साथ अगाडी बढ्नुपर्ने कुरामा जोड दिइएको छ ।

यस निबन्धमा प्रयुक्त दोस्रो पात्र विद्यालय छाडेर क्युरीयो पसलमा बुद्धको मुर्ति र टिवेटन स्टोन हेरेको प्रसङ्ग यस निबन्धको बौद्विक पक्ष हो । यसको सन्दर्भबाट शैक्षिक अवस्था र सामाजिक वस्तुस्थिति एवं ऐतिहासिक र साँस्कृतिक वस्तुको महत्व झल्काएको छ भने ५ वर्षे बालिकाको माध्यमबाट शिक्षक र विद्यार्थीको माध्यमबाट शैक्षिक अवस्था र शिक्षक र विद्यार्थीबीचको सम्बन्ध सुमधुर हुन्छ भन्ने कुरालाई निबन्धकारले नवीन शिल्प शैलीका माध्यमबाट व्यक्त गरेको पाइन्छ ।

**तालिका नं. ५**

**औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा**

| क्र.सं. | वस्तुतत्व | विचार र बृद्धितत्व | प्रस्तुतीपक्ष |
|---|---|---|---|
| १. | निबन्धकारले अन्धी माग्नेलाई ५ पैसा दान दिनु | दान सम्बन्धी निबन्धकारको दृष्टिकोण | वस्तुपरकता र आत्मपरकताको मिश्रणले शैलीमा आकर्षण र रोचकता थप्नु |
| २. | स्कूलबाट भागेर क्युरियो दोकानमा माल सामान | बुद्धको प्रतिमा टिवेटन स्टोनको प्रसङ्ग | स्व. को अभिव्यक्ति पात्रहरूको प्रयोग |

| | | | |
|---|---|---|---|
| | निरीक्षणमा व्यस्त केटोसित निबन्धकारको कुराकानी | | |
| ३. | निबन्धकारले आफ्नो कवि साथीलाई एउटी ५ वर्षे छात्राले पानी परेको बेला छाता ओड्न गरेको अनुरोध | सामान्य घटनामा पनि जीवनलाई प्रभाव पार्ने शक्ति हुनु | छोटा वाक्य, विशिष्ट पदक्रम, अल्पविरामको प्रयोग गर्नु |
| ४. | | जीवनप्रतिको गम्भीर चिन्तन र अनुभूति | चेतना प्रवाह शैली |

## ४.६ भुँडी :

नेपाली साहित्यको आधुनिक काल एवं विकास कालमा प्रवास क्षेत्रमा देखिएका निबन्धकार अच्छा राई 'रसिक' प्रगतिवादी धारालाई अंगालेर साहित्यिक कृति रचना गर्ने सशक्त हस्ताक्षर हुन् । नेपाली समाजमा विद्यमान विकृति, विसंगति, अन्याय, अत्याचार, असमानता, वर्गीय विभेद आदिलाई हाँस्य व्यङ्ग्यात्मक शैलीको माध्यमबाट विरोध गर्दै सुधारवादी स्वर उराल्ने निबन्धकार हुन्, अच्छा राई 'रसिक' ।

संरचनात्मक दृष्टिले लघु आयामको देखिने यस भुँडी निबन्ध द्वितीय पुरुष कथन ढाँचामा तयार पारिएको छ । यस निबन्धको वस्तुतत्व अर्न्तगत निबन्धकारले भुँडी मानवशरीरको अभिन्न अंग हो र सबै मानिसको भुँडीभित्र एकै किसिमको खाद्य पदार्थ नपाइने प्रसङ्गलाई जोड्दै धनि सेठ मानिसको भुँडीभित्र ध्यू र गुलियो, अंग्रेजको भुँडीभित्र उसिनेको झारपात, बङ्गाली माछा पाइन्छ र नेपालीहरूको भुँडीमा रातो बगडा र चिउराको संग्रह गरिएको छ भन्दै सबै

मानिसको भुँडीभित्र एउटै खाद्य पदार्थ हुँदैन भन्ने कुरालाई स्पष्ट पार्न खोजिएको छ ।

यस निबन्धको विचार वा बुद्धितत्व अर्न्तगत निबन्धकार रसिकले भुँडीको माध्यमबाट विश्वमा विद्यमान गरिबी असमानता, अर्न्तराष्ट्रिय राजनीतिक प्रसङ्ग महिला र पुरुषबीचको असमानतालाई समावेश गरिएको छ । भुँडीले जातभात नमाने पनि सामाजिक छुवाछुतको परम्परा हुर्काउने बाहुनबाजे एण्ड कम्पनी अन लिमिटेडको जरो उखलेर समाजमा समानताको लहर फैलाउने सन्देश दिइएको छ ।

यस निबन्धको प्रस्तुती पक्ष वस्तुपरक देखिन्छ । द्वितीय पुरुष कथन ढाँचामा लेखिएको यो निबन्ध लहड र तर्कको सन्तुलित मिश्रणका साथै हास्यव्यङ्ग्य पनि छ ।

**तालिका नं. ६**

**भुँडी निबन्ध**

| क्र.सं. | वस्तुतत्व | विचार र बुद्धि तत्व | प्रस्तुति पक्ष |
|---|---|---|---|
| १. | भुँडीको बाहिरी रुप समान भए पनि भित्री रुप भिन्न देखाउनु | दर्शन राजनीति शास्त्र अर्थशास्त्र र समाजशास्त्र सित सान्दर्भिक गराउनु | द्वितीय पुरुष शैलीमा वस्तुपरकता |
| २. | राजनैतिक आर्थिक दार्शनिक सामाजिक र दैनिक व्यवहारमा भुँडीको स्वरुप देखाउनु | साम्यवादको सन्दर्भ, सेठ, अंग्रेज, बंगाली र गोर्खालीका खाद्य परिकार | सरल संरचना तथा भाषिक सरलता |
| ३. | सबै क्षेत्रमा भुँडीको | मजदुरीबाट प्राप्त हुने रु | दार्जिलिङ्गको स्थानीय |

| | | | |
|---|---|---|---|
| | आकर्षण | तीन, जनै कानमा हाल्ने दृष्टान्त, छाया शरीर र चेतना शरीर | प्रभाव जस्तै : ठीका, कालेज, एकवटा, अंग्रेजी शब्दहरु थियोसफिस्ट, पर्सनालिटी, साइन-बोर्ड आदि । |

## ४.७ एकघण्टा बिताउन निबन्ध :

श्यामप्रसाद शर्मा प्रगतिवादी निबन्धकार हुन् । उनका निबन्धमा समाजको आर्थिक शोषण, आर्थिक विपन्नता, अशिक्षा, छुवाछुत आदि विषयलाई निबन्धको विषय बनाइएको पाइन्छ । यस निबन्धमा निबन्धकार शर्माले समयको कुनै विन्दुलाई आधार मानेर एकघण्टा खाली विताएको रोचक प्रशङ्गलाई समेट्दै समाजको नराम्रो पक्षमाथि व्यङ्ग्य प्रहार गर्दै समाज सुधारको अपेक्षा गरेका छन् ।

संरचनात्मक दृष्टिले मझौला देखिने यस निबन्धमा २१ वटा अनुच्छेदहरू समावेश गरिएको छ । यस निबन्धको वस्तुतत्व अर्न्तगत निबन्धकारको अतितका कुराहरु स्मरण गर्ने क्रममा विभिन्न प्रशङ्गहरु जोड्नु समयको मुल्य नबुझ्ने प्रवृत्ति र ढिलासुस्ती सम्बन्धी सन्दर्भहरु जोडका छन् भने विचार वा बुद्धितत्व अर्न्तगत प्रोफेसर हाकिम, सभा समारोह आदि दिदीको नाताले व्याज असुली गर्ने प्रसङ्ग, जर्जवासिङ्गनको दिनचर्चा वर्गभेद मानिस र पशुबीचको तुलनालाई समेटेका छन् ।

यस निबन्धको प्रस्तुती पक्ष अर्न्तगत प्रथमपुरुष कथन ढाँचामा आत्म-संस्मरण निजात्मक र व्यङ्ग्यात्मक शैलीमा, सरल भाषा र स्पष्ट विचार व्यक्त गरेका छन् । तत्सम, आगन्तुक र अनुकरणात्मक शब्दको प्रयोग गरिएको यस निबन्धमा विभिन्न प्रशङ्गको माध्यम मार्फत गरिबलाई धनिले हेर्ने प्रवृत्ति, व्याज

उठाएर सम्बन्ध गाँस्ने प्रवृत्ति साइनो भन्दा बढी धनको सम्बन्ध देखाउनु, पुरोहित वर्गमा देखिएको साँस्कृतिक पलायन, विकृति र सम्पन्न वर्गले विपन्न वर्गलाई हेर्ने प्रवृत्ति एवं समयको महत्वलाई बुझ्रेर काम गरेमा सफल भइने अन्यथा समयको एकपल पनि सफल हुन सक्दैन भन्दै समयको मुल्यलाई बुझ्रेर अगाडी बढ्नुपर्छ भन्ने सुधारवादी स्वर उरालिएको छ ।

**तालिका नं. ७**

**एकघण्टा विताउन**

| क्र.सं. | वस्तुतत्व | विचार र बृद्धितत्व | प्रस्तुतिपक्ष |
|---|---|---|---|
| १. | समयको मुल्य नबुझ्ने प्रवृत्ति र ढिलासुस्ती सम्बन्धी सन्दर्भहरु | प्रोफेसर, हाकिम, सभा, समारोह आदि मितव्ययिताको सिद्धान्त, कन्जुसको मनोवृत्ति | प्रथमपुरुष कथन ढाँचा तथा आत्म संस्मरण निजात्मक र व्यङ्ग्यात्मक शैली |
| २. | क्रियाशिल मान्छेले निजी तथा सामाजिक जीवनलाई उन्नत पार्ने कुरा | व्याजको सन्दर्भ, जनताको आर्थिक अवस्था जडिबुटीहरूबाट औषधि उत्पादन | भाषा सरल र स्पष्ट विचार |
| ३. | बलको सदुपयोग गरे मात्र समाजको विकास हुनसक्ने | आस्तिकता, नास्तिकता ईश्वरवाद अनीश्वरवाद | तत्सम, आगन्तुक र अनुकरणात्मक शब्दको प्रयोग जस्तै : निपूर्ण, प्रोफेसर, कञ्जुस |

| | | | |
|---|---|---|---|
| | | | मिचिमिचि |
| ४. | समय महत्वपूर्ण छ, यसलाई समाजको भलाईका लागि सदुपयोग गर्नुपर्छ भन्ने सन्दर्भ | जर्ज वासिङ्गटनको दिनचर्या वर्गभेद, मानिस र पशुबीचको तुलना आदि | पदक्रम, विचलन जस्तैः कहिले उनि आर्दशनगर बसाउने योजना देखाउँथे । |

## ४.८ राष्ट्रियताको ज्योति हुलाक घर :

नेपाली निबन्ध लेखन क्षेत्रका सशक्त हस्ताक्षर तानाशर्मा राष्ट्रवादी निबन्धकार हुन् । नेपाली साहित्यको विभिन्न विद्यामा कलम चलाउन सिपालु ताना शर्मा भाषाको झर्रोवादी आन्दोलनका बलिया खम्बा हुन् । उनका निबन्धहरुमा समाजमा विद्यमान विकृति, विसंगति चाकरी, चाप्लुसी, नातावाद, कृपावाद प्रति व्यङ्ग्यको झटारो हान्दै, राष्ट्रप्रेमको भावनालाई समावेश गरिएको हुन्छ । त्यस मध्येको एउटा राष्ट्रवादी निबन्ध राष्ट्रियताको ज्योति हुलाक घर पनि एक हो ।

संरचनात्मक दृष्टिले मझौला प्रकृतिको देखिने यस निबन्धमा लामाछोटा गरी ७३ अनुच्छेद समावेश गरिएको छ । यस निबन्धको वस्तुतत्व अर्न्तगत निबन्धकारले आयरल्याण्डको राजधानी डब्लिनको आकेनल सडकको यात्रा गर्ने क्रममा ऐर बासीहरुले मनाइरहेको स्वतन्त्रता दिवशको प्रसङ्गलाई समावेश गर्दै त्यहाँको सुन्दर दृश्यको बयान ऐरेली वीरहरूको सम्झना, भान्छा पसलमा मोटो ऐरेलीसंगको कुराकानी र नेपाल र नेपाली झण्डाको बयान गर्दै चन्द्रसूर्य अंकित झण्डाको बयान गर्दै चन्द्रसूर्य रहुन्जेल नेपालीहरु रहिरहने भाव व्यक्त गरेको पाइन्छ भने ऐरेली झण्डाको तीन रंगमध्ये हरियोले जीवन र प्रेमको संकेत सेतोले शान्ति  र स्वतन्त्रताको संकेत सुन्तले रंगले बसन्त, यौवन र उल्लासको संकेत गरेको बताउँदै राष्ट्रियताप्रति सचेत ऐरेलीहरूको राष्ट्रिय गौरवलाई देखाउन खोजेको पाइन्छ ।

यस निबन्धको विचार वा बुद्धितत्व अर्न्तगत नेपाल र एरल्याण्डको झण्डाहरुको अभिप्राय देखाउनु, ऐरेली भाषासम्बन्धी ज्ञान देखाउनु, त्यहाँको राष्ट्रिय दिवश २६ मार्च सम्बन्धीको प्रशङ्गलाई समावेश गरिएको छ ।

यस निबन्धको प्रस्तुतिपक्ष अर्न्तगत निबन्धकारको निजी यात्राको संस्मरणलाई विवरणात्मक शैलीमा लेखिएको छ । कथातत्व र पात्रहरूको प्रयोग गरिएको छ । चित्रात्मक र यथार्थ प्रस्तुतीलाई समावेश गरिएको यस निबन्धमा निबन्धकारले ऐरेलीहरूको अत्यन्त संवेदनशील तथा अटल राष्ट्रियताको भावनालाई व्यक्त गर्दै ऐरेलीहरूको देशभक्ती र वीरताको वर्णन गरिएको छ ।

**तालिका नं. : ८**

**राष्ट्रियताको ज्योति हुलाकघर**

| क्र.सं. | वस्तुतत्व | विचार र बुद्धितत्व | प्रस्तुतीपक्ष |
|---|---|---|---|
| १. | निबन्धकारले गरेको एरल्याण्ड स्थित डब्लिनको ओकोनल सडकको यात्रा संस्मरण, यसको केन्द्रिय भागको देब्रेपट्टि स्थित गोश्वारा हुलाकको राष्ट्रिय गरिमा उल्लेख । | नेपाल र एरल्याडका झण्डाहरूको विश्लेषण गर्नु | विवरणात्मक शैलीमा निबन्धकारको निजी यात्राको संस्मरण |
| २. | २६ मार्च बसन्त आइतबारका दिन एरल्याण्डको गणतन्त्र राष्ट्रिय दिवको अवसरमा | एरल्याण्डको स्वतन्त्रता संग्रामका तथ्यहरूको इतिहास चेतना | भूतकालको अज्ञात पक्षको प्रयोग |

| | | | |
|---|---|---|---|
| | ऐरेली मुक्ति संग्रामको नेतृत्व गर्ने महान नेता डि. मेलेराको सम्बोधन र महोत्सवको अवलोकन | | |
| ३. | भोलिपल्ट निबन्धकारले भाइहरूलाई चिठ्ठी लेख्न हुलाकनिर उभिइरहँदा एउटी बुढीबाट गणतन्त्र एरले २० वर्षदेखि उडानउन सोचिरहेको डब्लिनको राक्षस उपनाम रहेको बेलायतको बहादुर नेल्सनको स्मारक स्तम्भलाई गत वर्षको गणतन्त्र दिवसकै दिन कुनै अज्ञात राष्ट्रवादीले ढालेको सूचना पाउनु । | ऐरेली भाषा अल्स्टार (उत्तर), लेन्स्टार (पूर्व) मन्स्टार (दक्षिण) कन्नष्ट्र (पश्चिम) को ज्ञान । | अत्यन्तै सशक्त भाषा अत्यन्तै स्वभाविक संम्वाद, संवेदनशीलता जस्तै आक्का हौं ! के बिघ्न मान्छेहरु !! किन यी भेला भएका ? किन हँ ? म सोच्छु आदि । |

## ४.९ अमरावती कान्तिपुरी नगरी :

आधुनिक नेपाली निबन्धको विकासक्रमको तेस्रो चरणमा देखा परेका अर्याल हाँस्य व्यङ्ग्य निबन्धकार हुन् । नेपाली समाजमा रहेका विसङ्गत स्थितीप्रति तीब्र रुपले व्यङ्ग्यवाण प्रहार गर्ने अर्याल सामाजिक आर्थिक विषमता, साम्प्रदायिक विकृति, विसङ्गतिप्रति तीब्र व्यङ्ग्य गर्न सिपालु देखिन्छन् । युगीनचेत भएका अर्यालले स्वैर कल्पनाको प्रयोग गर्दै लेखिएको 'अमरावती

कान्तिपुरी नगरी' निबन्धमा मरिसकेको आदिकवि भानुभक्त आचार्यलाई जिउँदै कान्तिपुरमा ओरालेर मनोरञ्जनात्मक पाराले निबन्ध मार्फत वर्तमान कान्तिपुरमा देखिएका विकृति विसंगतिलाई स्पष्ट पार्दै सुधार एवं प्रगतिशील समाजको निर्माण हुने चाहाना स्पष्ट पारेको पाइन्छ ।

संरचनात्मक दृष्टिले मझौला प्रकृतिको रहेको यस निबन्धमा लामाछोटा गरी २२ वटा अनुच्छेदहरु समावेश गरिएको छ । यस निबन्धको वस्तुतत्व अर्न्तगत स्वर्गमा कवितामा रमाएका भानुभक्तलाई एकदिन कान्तिपुरी नगरीको याद आई उनीभन्दा धेरै पछि स्वर्ग पुगेका महाकवि देवकोटाबाट जानकारी लिई कान्तिपुरीमा आइपुग्नु कान्तिपुरीमा विभिन्न हन्डर ठक्कर खाएर पुनः अमरावती फर्किएको प्रसङ्ग छ भने यस निबन्धको वुद्धि वा विचार तत्व अर्न्तगत स्वर्गको नन्दन बनको कुरा, रामायण हनुमान सम्बन्धी प्रसङ्ग काठमाण्डौंको अव्यवस्थाको चित्रणलाई राखिएको छ । यस निबन्धको प्रस्तुतीपक्ष नितान्त व्यङ्ग्यात्मक रहेको छ । भानुभ्कलाई आलम्बन बनाएर तृतीय पुरुष वर्णनात्मक शैलीमा तथा कथात्मक प्रस्तुती रहेको यस निबन्धमा आधुनिक युगमा कान्तिपुरी नगरी अथात्, वर्तमानको काठमाण्डौंमा भित्रिएका विभिन्न समस्याहरू, अव्यवस्थित यातायात, औद्योगीकरण तथा सहरीकरणप्रति तीव्र विरोध गर्दै पश्चिमी सभ्यताको नक्कल एवं विषाक्त वातावरण देशको खोक्रोपन, फेसनको दुस्प्रभाव र नारीहरूको स्वच्छन्दता विकृतिहरूलाई स्पष्ट रूपमा देखाउन खोजिएको छ ।

## तालिका नं. ९

## अमरावती कान्तिपुरी नगरी

| क्र.सं. | वस्तुतत्व | विचार र बृद्धित्व | प्रस्तुतीपक्ष |
|---|---|---|---|
| १. | स्वर्गमा रमाएका भानुभक्तले कान्तिपुरी | स्वर्गको नन्दनवनको कुरा लिनु । | हाँस्यका माध्यमबाट विभिन्न किसिमको |

| | | | |
|---|---|---|---|
| | नगरीलाई स्मरण गर्नु महाकवि देवकोटाबाट कान्तिपुरीमा ठूलो परिवर्तन भएको जानकारी लिई कान्तिपुरीमा आउनु । | | व्यङ्ग्य । |
| २. | बालाजु आएर औंद्योगिकीकरणले ल्याएको खराबी युवायुवतीको फेसन, छाडापन, यातायात, शौचालय आदिको असुविधा । | रामायण हनुमान सम्बन्धी प्रसङ्ग | तृतीयपुरुष वर्णनात्मक शैलीमा तथा कथात्मक शैलीमा प्रस्तुत । |
| ३. | विभिन्न जातजाति रहनसहन, आचार विचारको मिश्रणमा आफू पनि समाहित हुनु । | काठमाण्डौं उपत्यकको अव्यवस्था, जनसङ्ख्या विष्फोट तडक भडक र फेसन सम्बन्धी ज्ञान | भानुभक्तका शैलीका कविताहरूको नक्कल जस्तै एकदिन भानु त कान्तिपुर पुगिगया लोको बुझँरीत भनी साह्रै दंग पऱ्या घुम्या वरिपरि भो भानुभक्तै भनी । |
| ४. | नयाँ कविहरु बढेको | लाइफ इन्स्योरेन्स, | भाषिक प्रयोगमा |

| | | | |
|---|---|---|---|
| | प्रसङ्गबाट बुढा पुरानाले एकेडेमीमा रिसराग बारे अनुसन्धान गरेको सूचना पाई आधुनिक भनाउँदाहरु सितको सम्पर्कबाट अन्य विकृतिहरुको अनुभव हुनु | भानुजयन्ती, चारमित्र चुरोट सम्बन्धी यथार्थ | झर्रोपन, अनुप्रास, काव्यात्मकता तथा प्रवाहमयता |

# परिच्छेद पाँच

# पाठ्यपुस्तकमा प्रयुक्त निबन्धहरूको भाषिक पक्षको विश्लेषण

निबन्ध शिक्षणको मूल प्रयोजन भाषिक सीपको विकास गराउनु रहेको हुन्छ । निबन्धबाट भाषिक सीपलाई सन्तुलित तरिकाले प्राप्त गर्न विद्यार्थीहरूको स्तर अनुरुपताका भाषिक पक्षको प्रयोग निबन्धमा भएको हुनुपर्छ । भाषा सिकाइ सरलतबाट जटिलतिर जाने हुँदा निबन्धमा भाषिक पक्षको पनि महत्वपूर्ण भूमिका रहन्छ । निबन्धमा प्रयुक्त भाषा जति सरल र तार्किक भयो उत्ति नै निबन्ध पठनीय बन्छन् । दुबोध्य भाषा भएमा पाठकहरूको मन त्यतातिर नजान सक्छ । पाठ्य विषयलाई रोचकता साथ प्रस्तुत गर्न वाक्य तथा शब्दको ठूलो भूमिका रहन्छ । यसका साथै निबन्ध विधाको छनौट गर्दा निबन्धमा उखानटुक्काको प्रयोगलाई पनि ध्यान दिनुपर्छ जसले गर्दा पाठ्यवस्तु रोचक र चाखलाग्दो हुन जान्छ । यस अध्ययनमा कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त निबन्धको वाक्यगठन प्रक्रिया उखानटुक्काको सामान्य विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## ५.१ वाक्य रचना :

पदावली भन्दा ठूलो सङ्कथन भन्दा सानो भाषिक एकाइलाई वाक्य भनिन्छ । वाक्यको संरचनामा एक वा एकभन्दा बढी उपवाक्यहरू आएका हुन्छन् । यस्ता वाक्यले कथनको एक अंशलाई पूरा गराउँछन् वाक्य भाषाको आधारभूत तत्व हो । सामान्यतः जुनसुकै वाक्यमा एउटा समापिका क्रिया हुन्छ । (अधिकारी, २०६२:१८३) यसरी समाष्टिगत भाव व्यक्त गर्ने सार्थक शब्दहरूको समूहलाई नै वाक्य भनिन्छ । नेपाली भाषाका वाक्यलाई निम्नानुसार विभाजन गरेर हेर्न सकिन्छ । ती हुन् :

(१) **सरलवाक्य :**

एउटा मात्र समापिका क्रिया भएको वाक्यलाई सरलवाक्य भनिन्छ । जसमा एउटा उद्देश्य र एउटा विधेय हुन्छ, जस्तै : सुगा उड्यो ।

(२) **जटिल वाक्य :**

दुई वा सो भन्दा बढी उपवाक्यहरू आएर बनेको वाक्यलाई जटिल वाक्य भनिन्छ । जटिल वाक्यमा दुई वा सो भन्दा बढी समापिका क्रिया वाक्य र संयोजकहरू हुन्छन् । सुविधाका लागि मिश्र र संयुक्त वाक्यलाई जटिल वाक्यमा राख्न सकिन्छ ।

**(i) मिश्रवाक्य :**

एउटा प्रधान उपवाक्य र एक वा एकभन्दा बढी आश्रित उपवाक्य भएको वाक्यलाई मिश्रवाक्य भनिन्छ, जस्तैः जब चुनाव आयो तब नेता गाउँतिर फर्के ।

**(ii) संयुक्त वाक्य :**

दुई वा दुईभन्दा बढी प्रधान उपवाक्य भएको वाक्यलाई निरपेक्ष संयोजकद्वारा जोडिएका वाक्यहरु नै संयुक्त वाक्य हुन् । जस्तै : उसको काम राम्रो हुनुपर्छ र छिटो हुनुपर्छ ।

वाक्य तीन किसिमका भएपनि संरचनाका दृष्टिले सरल र जटिल गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

अतः कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यपुस्तकमा प्रयुक्त निबन्धहरूमा प्रयोग भएका सरल र जटिल वाक्यको विश्लेषण यस प्रकार गरिन्छ ।

“पहाडी जीवन” निबन्धमा लामा छोटा गरी जम्मा १६६ वटा वाक्यहरू रहेका छन् जसमध्ये ५१ वटा सरल वाक्य छन् भने १०८ वटा जटिल वाक्यहरू छन् । थोरैमा ३ देखि धेरैमा ५७ वटा शब्दसम्मका वाक्य रहेका छन् । जस्तै : एउटा चौतारो छ । (सरल वाक्य)

'भौतिक शास्त्रका झिलिमिलि देखेर ती आँखा तर्कले भरिएर आउँथे, अनि ज्योतिषीले तिनीहरूलाई चित्र कुटीमा डुलाउँथे असिन कहानी सुनाइदिन्थे, कहिले हँसाउने कहिले रुवाउने, पहाडका कथा सागरका कथा र सभ्यताका कथा अनि कविताहरू सरल-सरल ढङ्गमा सुनाइदिन्थे, तिनीहरू पग्लेर आउँथे र त्यसका प्रवाहमा आफै छन्द टिप्दै आफ्ना मनका भावहरू प्रकाश गर्न सक्ने थिए, तिनीहरूलाई मुरली, सारङ्गी र प्राकृतिक तवरका बाजाहरू बजाइदिन्थे' । (जटिल वाक्य)

जुँगा निबन्धमा जम्मा १५० वटा वाक्यहरू छन् । सरल वाक्य ३९ र जटिल वाक्य १११ वटा छन् । छोटा सरल वाक्य ४ वटा शब्दका र लामा जटिल वाक्यमा ४८ वटा शब्द सम्मका छन् । जस्तै मलाई बडो गजब लाग्यो । (सरल वाक्य)

एकदिन ठूलो भक्ति र शिष्टतासाथ विनीत भएर आमा-बाबुछेउ मैले बिन्ती गरे - मेरो जुँगा साह्रै नसुहाउँदो सँग बढेर लामो भइसकेको छ, फेरि नाना रंगको भएर टाटेपाटे पनि छ, आजकल सबै जुँगा खौरन्छन् म पनि खौरन सक्छु ? वात्सल्य भावमा मेरा पिताज्यूले भन्नुभयो "म तिम्रो मुख होइन हृदय चाहन्छु । ( जटिल वाक्य)

'खै खै' निबन्धमा जम्मा १७७ वटा वाक्यहरू छन् । सरल वाक्य ७१ र जटिल वाक्य १०६ वटा छन् । छोटा सरल वाक्य १ वटा शब्दका र लामा जटिल वाक्यमा ३४ शब्द सम्मका छन्, जस्तै तार । (सरल वाक्य)

'तर यी खै.खैका सन्तानले मलाई एक मिनेटको बाटोमा बीस मिनेट लगाइदिन्छन् - मानुँ म कुनै धुपौरे हुँ, मानुँ म कुनै नेपाली आहानको काशी जाने कुकुर हुँ, जसले कदम कदममा जल चढाउनु अनिवार्य छ ।" (जटिल वाक्य)

'सगरमाथामा तेन्जिङ' निबन्धमा लामा र छोटा गरी जम्मा १२१ वटा वाक्यहरू छन् । जसमा सरल वाक्य ३९ वटा र जटिल वाक्य ८२ वटा छन् ।

छोटो सरल वाक्य १ वटा शब्दका र लामा जटिल वाक्य ४० वटा शब्द सम्मका रहेका छन्, जस्तैः कसको , (सरल वाक्य)

'हिमालको मुटु कँपाउने, रगत जमाउने, स्वास एकोहोरो पार्ने हुरी चलाई उडाउने, हिउँको पैह्रो झरी आह्तलै ढुनमुन्याउने व्यवहार जसले नद-नदीमा पानी भर्छ बृष्टि गराउँछ, गर्मी हटाउँछ, त्यसलाई सदाचार नठानी कदाचार मानी तेन्जिङको विजयलाई स्वागत गर्नु पनि भौतिक दृष्टिले उचितै छ । (जटिल वाक्य)

'औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा' निबन्धमा सरल र जटिल गरी जम्मा १०० वटा' वाक्यहरु छन् । यसमा सरलवाक्य ४३ र जटिल वाक्य ५७ वटा छन् । थोरैमा १ वटा शब्ददेखि बढीमा ४८ वटा शब्दसम्मका वाक्यहरू रहेका छन् । जस्तै बाकसबाट (सरल वाक्य)

'मलाई लाग्छ म अतितबाट उम्कन सकेको छैन वा विगत एक इतिहासको निचोड छ, यो उक्ति जसले अर्काको सम्पन्नतालाई पन्छाइदेऊ, पैसाले दानले पुण्यले भवन सतुतिले ... यही हो जो हाम्रा पुर्खाका पुर्खाले हाम्रा पुर्खालाई सिकाए सक्ला, जब समाजले यो चेतना पाएको थिएन यो व्यक्तिको अनेक उत्तरदायित्व समाज उपर छ भन्ने चेतना ! (जटिल वाक्य)

'भूँडी' निबन्धमा जम्मा ३१ वटा वाक्यहरू छन् । जसमा सरल वाक्य ४ वटा जटिल वाक्य २७ वटा छन् । थोरैमा १ वटा शब्द देखि बढीमा ७३ वटा शब्द सम्मका वाक्यहरू रहेका छन् जस्तै अस्तु ! (सरल वाक्य)

'त आफैले नजानेको अर्थशास्त्र पर सारेर यो भुँडीलाई एउटा थियोसोफिस्टको आँखाले विचार गरौं जब सात तत्वले बनिएको यो शरीर एक दुई गर्दै क्रमशः सातै स्तर नाघेर तल मसानघाटमा पुग्छ, त्यो बेला छाया शरीरले पनि चेतना शरीर छाडेर अन्तिम जय गोर्खा भन्छ अनि चेतना जड भएर सप्लाई अफिस कुढ्छ, तब यो भुँडी स्याप्प सुक्दै जान्छ, सुक्दा सुक्दा जब प्रथमस्तर स्थुल

शरीर तेस्रो स्तर मरणलोकमा पुग्छ, तब भुँडी बनाउने परमाणुहरु पनि टुक्रा टुक्रा भएर हिरोसिमामा पड्किन्छ । (जटिल वाक्य)

'एकघण्टा विताउन' निबन्धमा जम्मा १७१ वटा वाक्यहरू रहेका छन् । जसमा सरल वाक्य ३८ वटा र जटिल वाक्य १३३ वटा रहेका छन् । सबै भन्दा थोरैमा ३ वटा शब्दहरू र बढीमा ५० वटा शब्द सम्मका वाक्यहरू रहेका छन्, जस्तैः नचाहेर होइन नपाएर । (सरल वाक्य)

'हुन त मानिसले सज्जन हुनुपर्छ भन्ने भनाई निर्धाका हुन् भन्ने तर्क पनि धेरैबाट सुनिन्छ र आफू धनजन, बल इत्यादि सबैजसो कुराबाट निर्धो भएकाले सज्जनतालाई रुचाएको हुँ कि भन्ने पनि कहिले काँही मलाई नलाग्ने होइन् तर बलसँग सज्जनताको सामञ्जस्य नबसुन्जेल समाजको विकास स्वस्थ्य किसिमबाट हुन सक्ला भन्ने कुरामा मलाई पत्यार छैन' । (जटिल वाक्य)

'राष्ट्रियताको ज्योति हुलाक घर' निबन्धमा लामा छोटा गरी जम्मा २२० वटा वाक्यहरू रहेका छन् । जसमा ८४ वटा सरल वाक्य र १३६ वटा जटिल वाक्य रहेका छन् थोरैमा १ वटा शब्द देखि बढीमा ४४ वटा शब्दसम्मका वाक्यहरू रहेका छन् । जस्तैः हुन्न । (सरल वाक्य)

'उसले मलाई स्मारकको ढोकासम्म ल्याएर बिदा दिँदै भन्यो, 'हामी एरेली जनताको मैत्री सन्देश वीर गोर्खाली जनतालाई सुनाई दिनुहोला, हामी अल्पसंख्यक जातिहरूले बहुसंख्यक जातिहरूको आधिपत्य कुनै हालतमा पनि स्वीकार गर्नु हुँदैन भनिदिनुहोला, तपाईहरू जस्तै हामीहरू पनि रगतको खोलो बगाएर भएपनि अनन्तसम्म स्वतन्त्र रहनेछौं भनी बुझाई दिनुहोला' । जटिल वाक्य

'अमरावती कान्तिपुरी नगरी' निबन्धमा जम्मा १४८ वटा वाक्यहरू रहेका छन् । जसमा सरल वाक्य ३९ वटा र जटिल वाक्य १०९ वटा रहेका छन् । थोरैमा

१ वटा शब्ददेखि बढिमा ५० वटा सम्मका वाक्यहरू रहेका छन् जस्तै आहो ! (सरल वाक्य)

'त्यसैले अफसोचको सुस्केरा हाल्ने बित्तिकै आदिकविले अर्को खुसीको सुसेली पनि छाडिहाले - 'कतिका बनिता कतिका रमिता, अब लेख्दैछु यहीं बसी कविता'

'स्वरगङ्गाको सिरसिर बतासिसित भानुभक्तको स्वर सितार पनि जब बहन थालेको थियो, त्यहाँ उपस्थित सारा यक्ष अप्सराहरू सपेराको बाँसुरीमा झुमेका नागनागिनीझै अथवा भनुँ कृष्णजीको मुरलीमा लट्ठिएका गोप-गोपिनी झैं हेरेको हेऱ्यै भैहाले । (जटिल वाक्य)

माथि उल्लेखित तथ्याङ्कलाई तालिकाद्वारा स्पष्ट पारिन्छ ।

| क्र.सं. | पाठशीर्षक | सरल वाक्य | जटिल वाक्य | ज.वा. |
|---|---|---|---|---|
| १. | पहाडी जीवन | ५१ | १०८ | १६६ |
| २. | जुँगा | ३९ | १११ | १५० |
| ३ | खै खै | ७१ | १०६ | १७७ |
| ४. | सगरमाथामा तेन्जिङ | ३९ | ८२ | १२१ |
| ५. | औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा | ४३ | ५७ | १०० |
| ६. | भुँडी | ४ | २७ | ३१ |
| ७. | एकघण्टा विताउन | ३८ | १३३ | १७१ |
| ८. | राष्ट्रियताको ज्योति | ८४ | १३६ | २२० |
| ९. | अमरावती कान्तिपुरी नगरी | ३९ | १०९ | १४८ |

माथि उल्लेखित तथ्याङ्कका आधारमा सबैभन्दा बढी वाक्य रहेको पाठ 'राष्ट्रियताको ज्योति हुलाकघर' निबन्ध हो । यस निबन्धमा २२० वटा वाक्यहरू रहेका छन् भने सबै भन्दा थोरै वाक्य भएको निबन्ध भुँडी हो । यसमा जम्मा ३१ वटा वाक्यहरू रहेका छन् । त्यसैगरी सरल वाक्य सबैभन्दा बढी भएको निबन्ध राष्ट्रियताको ज्योति हुलाकघर हो भने जटिल वाक्य बढी भएको निबन्ध पनि राष्ट्रियताको ज्योति हुलाकघर नै हो ।

## ५.२ उखानटुक्का :

कुनै पनि शब्दले सोझो अर्थ नबताएर विशेष किमिसको अर्थको छनक दिए भने तिनलाई वाक्यपद्दति, वाग्धारा वा टुक्का भन्ने चलन छ । लोकजीवनमा प्रचलित अनुभवपूर्ण चुट्किला, उक्ति, लोकोत्ति, आहान, टुक्का उखान र स-साना चुट्किला (बृहत नेपाली शब्दकोश) लाई उखानटुक्का भनिन्छ । वाक्य स्तरको संरचना हुने सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ । जसले उक्ति सँग सम्बद्ध भई आएर विशिष्ट अर्थ प्रदान गर्छ । पुरानो कालदेखि चलि आएका रसिला भनाइलाई उखान भन्ने चलन छ । जसले व्यङ्ग्य गर्दै अर्थ छर्लङ्ग पार्छन । कुनै पनि भाषाको समृद्धिमा उखानको विशिष्ट स्थान रहन्छ । (पराजुली : २०५४:२०)

उखान तथा टुक्काले कुनै पनि भाषालाई जीवन्तता प्रदान गर्दछन् । उखानले निबन्धलाई मिठासता र आस्वादन बढाउँछ भने टुक्काले व्यङ्ग्यात्मकता प्रदान गर्दछ । यिनको प्रयोगले कथनलाई स्वाभाविक रुपले तिख्खर पार्छ, ओजस्वी बनाउँछ । भाषा तथा साहित्यमा उखान टुक्काको प्रयोग अति आवश्यक हुन्छ । कसैको कथनलाई प्रभावपूर्ण बनाउन यसले निकै सहयोग गर्छ । पाठ्यपुस्तकमा उखान टुक्का समावेश गरिनु अत्यन्त उपयुक्त देखिन्छ । पाठप्रति विद्यार्थीको रुचि बढाउन उखान टुक्काले विशेष भूमिका खेल्दछ ।

उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपाली विषयको पाठ्यपुस्तकमा समावेश गरिएका निबन्ध विधाहरूमा उखानटुक्काको प्रयोग भएको

पाइन्छ । उखानटुक्काको प्रयोगले विद्यार्थीमा भाषिक अभिव्यक्तिमा साहित्यिकता सिर्जनात्मकता र सुन्दरता प्रति अभिप्रेरित गराउने हुनाले यस तहमा उखानटुक्कको प्रयोग महत्वपूर्ण हुन जान्छ । उखान टुक्काको प्रयोग तथा अभ्यासको लागि निबन्ध विधा सबैभन्दा उपर्युक्त हुन्छ । कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यपुस्तकमा छनौट भएका निबन्धहरूमा उखान टुक्काको प्रयोग गरिएको भएपनि सबै निबन्धहरूमा यसको प्रयोग देखिदैन । उखान टुक्काको प्रयोग भएका निबन्धहरूलाई यसरी विश्लेषण गरिन्छ ।

लक्ष्मीप्रसाद देवकोटाको 'पहाडी जीवन' निबन्धमा उखानको प्रयोग एक ठाउँमा भएको पाइन्छ । जस्तै : 'ठिमीले यात्रा' त्यसैगरी हृदयचन्द्र सिंह प्रधानको 'जुँगा' निबन्धमा विभिन्न ठाउँमा उखान र टुक्काको प्रयोग भएको पाइन्छ । जस्तै : 'लालमोहर पाउनु,' 'भूतबाट देउता भए झैं' ।

केशवराज पिँडालीको 'खै खै निबन्धमा पनि केही ठाउँमा उखानको प्रयोग गरेको पाइन्छ । जस्तै : 'चेतबाबा काशी,' 'भागी भागी छोराको बिहे' 'गहतको झोलमा जात फाल्ने,' 'काशी जाने कुकुर हुँ,' जसले कदम कदममा जल चढाउँछ' । त्यसैगरी रामकृष्ण शर्माको 'सगरमाथामा तेन्जिङ्ग' निबन्धमा पनि केही प्रसङ्गमा उखान टुक्काको प्रयोग पाइन्छ । जस्तै 'सुर्य पक्रन दगुरेका बालक हनुमान झैं असफल भए ।' 'हनुमान झैं सुमेर नाध्न सक्ने' , त्यसैगरी भैरव अर्यालको 'अमरावती कान्तिपुरी नगरी' निबन्धमा पनि ३ ठाउँमा उखानको प्रयोग भएको पाइन्छ । जस्तै : 'माझीको पुरुङ्गमा माछा झैं' सिन्की कोचाइ र रन्को कुटाइ,' 'ढुङ्गो खोज्दा देउता मिल्नु' आदि ।

यसप्रकार कक्षा ११ को ऐच्छिक नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरूलाई विश्लेषण गर्दा केही निबन्धमा मात्र उखान टुक्काको प्रयोग पाइन्छ, भने केही निबन्धहरूमा उखानको प्रयोग पाइदैन् । तर विद्यार्थीहरुको अभिव्यक्ति क्षमतामा मिठास ल्याउन र कुनै पनि कुरालाई विशेष अर्थबाट

बुझाउन अन्य निबन्धहरूमा पनि उखानटुक्काको प्रयोग भएको भए प्रभावकारी हुने थियो ।

**निष्कर्ष :**

विद्यार्थीमा भाषिक सीप विकास र बौद्धिक तथा तार्किक पक्षको विकास गर्नका लागि निबन्ध विधाको छनौट गर्नु उपर्युक्त देखिन्छ । विद्यार्थीको उमेर स्तर अनुरूप निबन्धमा भाषिक पक्षको प्रयोग गरिनुपर्छ । भाषिकपक्ष अर्न्तगत शब्दभण्डार, वाक्य गठन उखान तथा टुक्काको प्रयोग आदि जस्ता पक्षहरू पर्दछन् यस अध्ययनमा कक्षा ११ को ऐच्छिक नेपाली विषयमा समाविष्ट निबन्धहरूको वाक्य गठन प्रक्रिया तथा उखान टुक्काको प्रयोगलाई अध्ययन विश्लेषण गरिएको छ । वाक्यगठन प्रक्रिया अर्न्तगत कुन निबन्धमा कति जटिल वाक्य र कति सरल वाक्य रहेका छन् तथा कुन निबन्धमा धेरै र कुन निबन्धमा थोरै वाक्यको प्रयोग भएको छ  भनी विश्लेषण गरिएको छ ।

उपर्युक्त पाठ्यपुस्तकमा समाविष्ट निबन्धहरूमध्ये सबैभन्दा बढी वाक्य रहेको निबन्ध 'राष्ट्रियताको ज्योति हुलाक घर' हो जसमा २२० वटा वाक्यहरू रहेका छन् । त्यस्तै सबैभन्दा थोरै वाक्य भएको निबन्ध 'भुँडी' हो यस निबन्धमा जम्मा ३१ वटा वाक्य रहेका छन् । त्यसै गरी सरल वाक्य सबैभन्दा बढी भएको निबन्ध 'राष्ट्रियताको ज्योति हुलाकघर' हो भने जटिल वाक्य सबैभन्दा बढी भएको निबन्ध पनि 'राष्ट्रियताको ज्योति हुलाक घर' नै हो । यी निबन्धहरूमा प्रयोग गरिएका उखानटुक्काको अध्ययन गर्दा केही निबन्धहरूमा उखानहरूको प्रयोग भएको देखिन्छ । जसमध्ये 'पहाडी जीवन' 'जुँगा' 'खै खै, 'सगरमाथामा तेन्जिङ्ग', अमरावती कान्तिपुरी नगरी' निबन्धमा एक दुई ठाउँमा उखानको प्रयोग भएको पाइन्छ, जसले निबन्धमा रोचकता थपेको छ र अन्य निबन्धहरूमा पनि यसको आवश्यकता देखिन्छ ।

# परिच्छेद छ

## निष्कर्ष

नेपाल सरकार उच्च माध्यमिक शिक्षा परिषद्द्वारा निर्धारित कक्षा ११ को ऐच्छिक नेपालीमा समाविष्ट निबन्धहरूको विश्लेषणात्मक अध्ययनबाट निम्न लिखित निष्कर्ष निकालिएको छ :

१. पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्देश्य पूर्तिका लागि गरिन्छ । पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पूर्ति हुने खालका विषयवस्तुहरू पाठ्यपुस्तकमा समावेश गर्नुपर्दछ । उच्च माध्यमिक तहको पाठ्यक्रमसँग सम्बद्ध विषय विस्तृतीकरणमा स्वच्छन्दतावादी आत्मपरक निबन्ध, सामजिक विकृति प्रति व्यङ्ग्य, राष्ट्रियभावमा आधारित, आत्मसंस्मारणात्मक, वस्तुपरकता एवं व्यङ्ग्यात्मकता, निजात्मक, आत्मपरक गरी जम्मा ९ वटा निबन्धहरू समावेश गरिएको छ । जस अन्तर्गत 'पहाडी जीवन,' 'जुँगा,' 'खै-खै, 'सगरमाथामा तेन्जिङ्ग' 'औपन्यासिक पात्र जीवनको पृष्ठभूमिमा,' 'भुँडी,' 'एकघण्टा विताउन,' 'राष्ट्रियताको ज्योति हुलाकघर', 'अमरावती कान्तिपुरी नगरी हुन् ।

२. पाठ्यपुस्तकमा समाविष्ट पाठ्य विषयहरू छनौट र स्तरणका दृष्टिले उपयुक्त हुनु नितान्त आवश्यक हुन्छ । भाषा पाठ्यपुस्तकमा विविध विधाहरू विभिन्न क्षेत्रबाट विषयवस्तु छनौट गर्नुपर्दछ । कक्षा ११ को ऐच्छिक नेपालीमा राखिएका निबन्धहरूको छनौट यी कुराहरु ध्यान दिइएको छैन । पाठ्यविषयको स्तरण गर्दा सरलबाट जटिल तथा ज्ञातबाट अज्ञात हुनुपर्ने हुन्छ । शब्द, वाक्य, उखान टुक्का तथा पाठकको लम्बाईलाई ध्यानमा राखेर समावेश गरिएका निबन्धहरू कतिपय अत्याधिक लामा र कतिपय धेरै छोटा देखिन्छ ।

३. भाषा पाठ्यपुस्तकमा विषयवस्तुको बोधगम्यतासँगै भाषिक सीपलाई पनि त्यत्तिकै जोड दिइएको हुन्छ । भाषामा निपूर्णता हाँसिल गर्नका लागि सुनाई,

बोलाइ, पढाइ र लेखाइको अन्यौन्याश्रित सम्बन्ध तथा समान महत्व रहेको हुन्छ । कक्षा ११ को ऐच्छिक नेपालीमा समाविष्ट ९ वटै निबन्धमा सीपभन्दा विश्लेषणमा जोड दिइएको पाइन्छ ।

४. पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यलाई पूरा गर्नका निमित्त स्तर र रुचिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । माध्यमिक शिक्षा हाँसिल गरी उच्च शिक्षा अध्ययनका क्रममा सहभागी शिक्षार्थीहरूका लागि निर्दिष्ट गरिएका निबन्धहरू स्तरसापेक्ष र रुचिपूर्ण नै रहेका छन् ।

५. उच्च माध्यमिक तह कक्षा ११ को ऐच्छिक नेपालीको पाठ्यक्रमको र तेस्रो इकाइमा नेपाली निबन्धलाई निबन्धको परिचय (परिभाषा र तत्व) अनि नेपाली निबन्धको विकासक्रम (प्रमुख प्रवृत्ति र चरण) र निर्धारित निबन्धकारहरूको परिचय र निबन्धहरूको सामान्य विवेचना एवं विशिष्ट पङ्तिहरूको व्याख्या भनि तोकिएको छ । पाठ्यभार र वितरणका दृष्टिले निबन्धको परिचय (परिभाषा र तत्व) लाई ३ नेपाली निबन्धको विकासक्रमलाई ३ निर्धारित निबन्धकारहरूको परिचय र निबन्धहरूको सामान्य विवेचना र विशिष्ट पङ्क्तिको व्याख्यालाई २४ पाठ्यभार छुट्टाइएकोमा निबन्धको संरचना र आयतनका दृष्टिले उपर्युक्त नै देखिन्छ ।

६. पाठ्यांशको उद्देश्य दृष्टिले निबन्ध र यसका तत्वहरुको सामान्य परिचय दिई नेपाली निबन्धको विकासक्रम र प्रवृत्ति एवं विशेषताहरूको सङ्क्षिप्त वितरणका साथै निर्धारित निबन्धहरूको सामान्य परिचय दिई मूलभूत प्रवृत्ति पहिल्याउन तथा निबन्धको मुल्याङ्कन एवं विशिष्ट पङ्तिहरूको व्याख्या रहेकोमा यहाँ दिइएको ९ वटै निबन्धहरू पाठ्यांशमा दिइएका उद्देश्यहरू परिपूर्ति गर्ने खालका छन् ।

७. नेपाली निबन्धको प्रारम्भदेखि वर्तमान परिप्रेक्ष्य सम्म आइपुग्दा सामाजिक, वस्तुपरक, आत्मपरक, व्यङ्ग्यात्मक निबन्धदेखि लिएर वर्तमान समयका

प्रयोगवादी, तार्किक एवं स्वैरै कल्पनात्मक निबन्धसम्म आइपुग्दा कक्षा ११ को ऐच्छिक नेपालीमा नैतिक, राजनैतिक, प्रयोगवादी, र समसामयिक विषयवस्तुलाई समावेश गरेको निबन्ध समावेश गर्नुपर्ने देखिन्छ । निबन्धमा संरचना पक्षको महत्वपूर्ण स्थान रहेकोमा यहाँ समाविष्ट सबै निबन्धले नै संरचना पक्षमा जोड दिइएको पाइन्छ ।

८. शिक्षण विधि पाठ्यक्रमले तोकेको उद्देश्यहरूलाई पुरा गर्ने प्रमुख साधन वा तरिका मानिन्छ । आधुनिक साहित्य शिक्षणका नवीनतम्, विधिहरू हुँदाहुँदै पनि केवल एकमात्र व्याख्यान विधिको प्रयोग भएको पाइन्छ ।

९. शिक्षण विधिलाई मूर्त रूप दिन शिक्षण सामाग्रीको उल्लेखनीय स्थान रहन्छ । शिक्षणलाई मूर्त रमणीय, स्मरणीय योग्य बनाउन विभिन्न किसिमका शिक्षण सामाग्रीहरू प्रयोगमा ल्याउनु पर्नेमा व्यावहारिक रूपमा खासै सामाग्रीहरूको प्रयोग भएको पाइँदैन ।

१०. शिक्षण सिकाइ क्रियाकलापको अन्तमा पाठ्यक्रममा निर्दिष्ट गरिएका उद्देश्यहरूलाई पुरा गर्नका निमित्त मुल्याङ्कन प्रक्रिया अपनाइन्छ । मूल्याङ्कनका विविध प्रक्रियाहरूमध्ये कुन विधि अपनाउँदा निबन्ध शिक्षण प्रभावकारी र उद्देश्यमूलक हुन्छ भन्ने कुरालाई ध्यानमा राखी शिक्षण गर्नुपर्ने नितान्त आवश्यक छ तर कक्षा शिक्षण पछिको उपलब्धिलाई मापन गर्न वर्तमान विधि पुरातनवादी र अवैज्ञानिक मानिन्छ । शैक्षिक वर्षको अन्तमा मूल्याङ्कन गर्दा पाठ्यक्रमको मर्मलाई छुन नसक्ने देखिन्छ । जसका कारण सिकारूहरू पनि आफ्नो पढाइप्रति पनि निराशावादी भएको पाइन्छ ।

## सुझावहरू

१. निबन्ध सरल, बौद्धिक, रोचक र चेतनाप्रद हुनाका साथै पाठ्यक्रम र विषय विस्तृतीकरण अनुसार हुनुपर्दछ ।

२. निबन्धको विषयवस्तुहरू सहजता प्रदान गर्न र रोचक ढङ्गले प्रस्तुत गर्नका लागि आवश्यकता अनुसार प्रत्येक निबन्धमा चित्रहरू समावेश गरिनुपर्छ ।

३. निबन्धको छनौट गर्दा सबै क्षेत्रलाई समेट्नु उचित हुन्छ । यस पाठ्यपुस्तकमा नैतिक, राजनैतिक र समसामयिक घटनाक्रममा आधारित केही निबन्धहरू थप्नुपर्ने देखिन्छ ।

४. निबन्धमा संरचना पक्षको महत्वपूर्ण पक्ष हुने हुँदा संरचनाभित्र आदि, मध्य र अन्त्यको ख्याल गर्नु पर्दछ र वस्तुतत्व, वुद्धि वा विचार तत्व र प्रस्तुती पक्षलाई विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

५. निबन्ध शिक्षण, लिखित मौखिक अभिव्यक्ति घटनाक्रमलाई सिलसिला मिलाउनु पर्ने देखिन्छ ।

६. निबन्धमा धेरै उखान टुक्काको प्रयोग हुनुपर्दछ, जसबाट पाठकमा रोचकता थपिन्छ । उखान टुक्काको प्रयोगले भाषालाई जीवन्त बनाउँछ । विद्यार्थीको स्तरलाई ख्याल गरेर निबन्धमा उखानटुक्काको प्रयोग गर्नु उपयुक्त हुन्छ । यहाँ प्रयोग गरिएका यस्ता सामाग्री अपर्याप्त छन् सबै निबन्धमा यसको प्रयोग गर्नुपर्ने देखिन्छ ।

७. निबन्धमा प्रयोग भएका शब्द वाक्य, अनुच्छेद विद्यार्थीको स्तर अनुकूल हुनुपर्दछ ।

८. पाठ्यपुस्तकको छनौट र स्तरण गर्न विद्यार्थीको क्षमता, स्तर, रूचि राष्ट्रको आवश्यकता र मातृभाषाको प्रभाव आदिलाई ख्याल गर्नुपर्दछ ।

९. पाठ्यक्रममा निर्धारित गरेको अङ्क र समयलाई मूल आधार बनाई विषयवस्तुलाई समावेश गर्नुपर्दछ । जसले गर्दा विषयवस्तुको गहिराई अनुसार शिक्षण कार्य गर्न सजिलो हुन्छ ।

१०. निबन्धहरू छनोट गर्ने क्रममा नेपाली प्रतिनिधि सबै निबन्धकारहरूका निबन्धहरू समावेश गरिनुपर्दछ ।

११. निबन्ध शिक्षण गर्नका निम्ति शिक्षकका लागि अझ बढी निर्देशन दिनु आवश्यक छ ।

१२. पाठ्यपुस्तकमा प्रयोग भएको कागज उच्च स्तरको हुनुपर्दछ । अक्षर सफा स्पष्ट र आकर्षक हुनुपर्दछ । निबन्धको शीर्षकले विषयवस्तुलाई प्रतिनिधित्व गर्ने र सार्थक पनि हुनुपर्दछ ।

# सन्दर्भग्रन्थसूची

**(क) पुस्तकसूची**

**(ख) शोधपत्र सूची**

**(ग) पत्रिका सूची**


- अधिकारी, हेमाङ्गराज, ***सामाजिक र प्रायोगिक भाषा विज्ञान,*** काठमाण्डौंः रत्न पुस्तक भण्डार, २०६२ ।

- अधिकारी हेमाङ्गराज र भट्टराई बद्रीविलास, ***प्रयोगात्मक शब्दकोशः*** काठमाण्डौ., विद्यार्थी पुस्तक भण्डार, २०६१ ।

- अधिकारी हेमाङ्गराज, ***भाषाशिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,*** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०५९ ।

- अधिकारी हेमाङ्गराज, डा.केदार प्रसाद शर्मा, ***प्रारम्भिक नेपाली शिक्षण,*** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार,

- अर्याल, शेखर, र अन्य, ***हाम्रो नेपाली व्याकरण,*** रुपन्देहीः प्रभात बुक्स एन्ड स्टेसनरी बुटवल ।

- आचार्य टंकराज, गणेश प्रसाद भट्टराई, रामप्रसाद ज्ञवाली, ***ऐच्छिक नेपाली कक्षा ११,*** काठमाडौंः भुँडी पुराण प्रकाशन, २०६४ ।

- ***उच्च माध्यमिक विद्यालय पाठयक्रम,*** ११ सानोठिमीः उमाशिप भक्तपुर, २०५५ ।

- उमाशिप, ***इच्छाधीन नेपाली कक्षा ११ शिक्षण निर्देशिका,*** भक्तपुर : उमाशिप, पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा सानोठिमी ।

- काफ्ले चूडामणि, विश्वराज काफ्ल, ***नौलो नेपाली निबन्ध*** काठमाडौंः रत्न पुस्तक भण्डार, २०६६ ।

- खतिवडा लेखराज, शैलेन्दु प्रकाश नेपाल ***नयाँ नेपाली निबन्धमाला,*** काठमाडौंः एकताबुक्स,

- गौतम रामप्रसाद, ***प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,*** कीर्तिपुरः दीक्षान्त पुस्तक भण्डार त्रि.वि. २०६१ ।

- गौतम रामप्रसाद, बन्धु खेम कोइराला, ***अनुसन्धान विधि,*** कीर्तिपुर दीक्षान्त प्रकाशन २०६५ ।

- पन्थ नारायण, ***शिक्षामा मापन तथा मूल्याङ्कन*** काठमाडौंः नोवेल प्रकाशन २०६४ ।

- बन्धु चूडामणि ***अनुसन्धान तथा प्रतिवेदन लेखन*** काठमाण्डौंः रत्नपुस्तक भण्डार २०६५ ।

- भट्टराई रामप्रसाद, ***भाषिक अनुसन्धान विधि,*** काठमडौंः शुभकामना प्रकाशन ताहाचल २०६५ ।

- भट्टराई होमनाथ, केशवसिंह थामी, ***पाठयक्रम र मूल्याङ्कन,*** काठमाडौंः रत्नपुस्तक भण्डार, २०६६ ।

- भण्डारी पारसमणि, ***सामाजिक तथा मनोभाषा विज्ञान,*** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी,

- भण्डारी पारसमणि, ***नेपाली संक्षिप्त पर्यावाची शब्दकोश,*** काठमाडौंः विद्यार्थी प्रकाशन कमलपोखरी २०६२ ।

- लामिछाने डा. यादव प्रकाश, ***नेपाली भाषा र साहित्य कक्षा ११***, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी २०६४ ।

- वाग्ले मनप्रसाद, माधव प्रसाद ढकाल, ***शिक्षाको प्रारम्भिकपरिचय,*** काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

- शर्मा केदारप्रसाद, माधव पौडेल, ***नेपाली भाषा र साहित्य शिक्षण,*** काठमाडौं: न्यू हिरा बुक्स यन्टरप्राइजेज कीर्तिपुर ।

- शर्मा गोपीकृष्ण, ***नेपाली निबन्धको परिचय,*** काठमाडौं: रत्न पुस्तक भण्डार, २०६३ ।

- शर्मा गोपीकृष्ण, ***सरल निबन्ध परिचय,*** काठमाडौं: रत्न पुस्तक भण्डार २०६३ ।

- शर्मा मोहनराज, खगेन्द्र प्रसाद लुइँटेल, ***नेपाली गद्य र भाषा साहित्य,*** काठमाडौं: नवीन प्रकाशन २०६४ ।

- ***सरल नेपाली शब्दकोश,*** वाराणसी: त्रिमूर्ति प्रकाशन २०५८ ।

- सिंह नागेश्वर, ***शिक्षाको परिचय,*** पैरवी प्रकाशन २०६३ ।

- सिंह नागेश्वर, ***पाठ्यक्रम र मूल्याङ्कन,*** पैरवी प्रकाशन २०६३ ।

**(ग) पत्रिकासूची**

- ***सम्प्रेषण वार्षिक पत्रिका सम्प्रेषण"*** परिवार, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, २०६५

- नेपाल सरकार शिक्षा मन्त्रालय, ***शिक्षा विभागद्वारा गरिएका अध्ययनहरूको प्रतिवेदन,*** २०६४/०६५ शिक्षा विभाग अनुसन्धान तथा शैक्षिक सूचना व्यस्थापन शाखा, भक्तपुर सानोठिमी ।

**(ख) शोत्रपत्र सूची**

- गौतम रामप्रसाद **चिलाउने चौरमा पलाएको मृगतृष्णा,** निबन्धको सङ्कथनात्मक विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.२०६४ ।

- निरौला, दिपकबाबु, ***"कक्षा नौ पूरा गरेका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन"*** स्नातकोत्तर शोधपत्र कीर्तिपुर, नेपाली भाषा शिक्षा विभाग २०६२ ।
- भुसाल, गायत्री, उच्च मा.वि. तहको ऐ. नेपालीमा समाविष्ट कथा विधाको विश्लेषण बुटवल, नेपाली भाषा शिक्षा विभाग ।
- लुँइटेल, रमेश कुमार ***"जय भुँडी निबन्धको शैली वैज्ञानिक अध्ययन"*** स्नातकोत्तर शोधपत्र, कीर्तिपुर नेपाली भाषा शिक्षा विभाग ।
- शर्मा, धनमाया, ***"उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन"*** स्नातकोत्तर शोधपत्र, बुटवल, नेपाली शिक्षा विभाग २०६५ ।